# मानव अधिकार रक्षकको पहिचान र सुरक्षा

दिपेन्द्रबहादुर सिंह

**सार-सङ्क्षेप**

*एक्लै वा एकअर्कासँग मिलेर शान्तिपूर्ण रूपमा मानव अधिकार संरक्षण र प्रवर्द्धनको लागि कार्य गर्ने व्यक्ति वा समूह वा संस्था मानव अधिकार रक्षक हुन। मानव अधिकार रक्षकहरूले स्थानीय तथा राष्ट्रियरूपमा मानव अधिकार उल्लङ्घनका घटनाहरूको सूचना, तथ्य र जानकारीहरू सङ्कलन र सम्प्रेषण गर्दछन्। मानव अधिकार हननका पीडितहरूलाई सम्भव भए सम्म उद्धार, संरक्षण, न्याय र पुनर्स्थापनाका लागि सहयोग, समन्वय र सहकार्य गर्नुका साथै जवाफदेहिता बहन गर्नका लागि सम्वन्धित पक्षलाई जिम्मेवार बनाउने कार्यमा पनि अग्रपंक्तमा रहेर आफ्नो भूमिका निर्वाह गर्दै आएका छन्। विश्वका अन्य राष्ट्रको आँकडा हेर्ने हो भने पनि आवाजविहीनको आवाज र पीडितहरूको न्यायका लागि कार्य गर्नुपर्ने भएकोले पनि मानव अधिकार रक्षकहरू खतरामा रहने गरेको पाइन्छ। मानव अधिकार रक्षकहरूले भौतिक, सामाजिक तथा कानुनी सुरक्षाका चुनौतीहरूको प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा सामना गर्नुपरेको यथार्थता एकातिर छ भने, अर्कोतर्फ मानव अधिकार रक्षकहरूको भूमिका र पहिचानलाई बेवास्ता गर्ने, मानव अधिकार रक्षकहरूले गरेका मानव अधिकार संरक्षण तथा संवर्धनसम्बन्धी कार्यहरूलाई स्वीकार नगर्ने अर्थात मान्यता नदिने र उनीहरूको सुरक्षाका लागि सम्बन्धित पक्ष संवेदनशील हुन सकेको पाइँदैन तथापि मानव अधिकार रक्षकहरूको सुरक्षा उनीहरूका अधिकार संरक्षणका लागि अन्तर्राष्ट्रिय स्तरमा पनि प्रयासहरू भइरहेका छन्। नपालमा पनि राष्ट्रिय मानव अधिकार आयोगले मानव अधिकार रक्षकहरूको क्षमता सवलीकरण गर्नका साथै उनीहरूका अधिकार सुरक्षा र रक्षक काम तथा भुमिकालाई स्वीकार्य बनाइ पहिचान दिलाउन कार्य गरिहेको छ । विशेषतः मानव अधिकार रक्षकहरूको सुरक्षा र उनीहरूका लागि काम गर्ने वातावरण सिर्जना गर्ने दायित्व राज्य तथा सार्वजनिक निकायहरूको हो, यसका लागि राष्ट्रिय कानुनको अपरिहार्यता पनि महसुस अवस्था गरिएको छ।*

***प्रमुख शब्दकुञ्जीहरू:*** मानव अधिकार प्रवर्द्धन, पहिचान, स्वतन्त्रता, कानुन, अन्तर्राष्ट्रिय, विशेष समाधिक्षक, मानव अधिकार रक्षक

## पृष्ठभूमिः

एक्लै वा एकअर्कासँग मिलेर शान्तिपूर्ण रूपमा मानव अधिकार संरक्षण र प्रवर्द्धनको लागि कार्य गर्ने व्यक्ति वा समूह वा संस्था मानव अधिकार रक्षक हुन्। यस सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगको मानव अधिकार रक्षकको मार्गनिर्देशिका, २०६९ ले गरेको परिभाषामा "मानव अधिकार रक्षक" भन्नाले व्यक्तिगत

रूपमा, समूहमा वा संस्थागत रूपमा मानव अधिकारको संवर्धन, संरक्षण, सम्मान तथा पालनासम्बन्धी काममा संलग्न व्यक्ति सम्झनुपर्दछ भनिएको छ। सो शब्दले पूर्णकालीन वा आंशिक रूपमा वैतनिक वा अवैतनिक रूपमा उक्त काममा संलग्न व्यक्तिलाई समेत जनाउँछ (रा.मा.अ.आ.. २०६९)। व्यक्ति तथा समुहको मानव अधिकारको सम्वोधनका लागि भूमिका निर्वाह गरेको आधारमा मानव अधिकार रक्षकको पहिचान र परिभाषा गर्न सकिन्छ।

यस्तै संयुक्त राष्ट्रसङ्घबाट सन् १९९८ मा मानव अधिकार रक्षकको घोषणापत्र जारी भएको थियो (General Assembly Resolution A/RES/५३/१४४) (विश्वव्यापी रूपमा स्वीकार गरिएका मानव अधिकार र मौलिक स्वतन्त्रताको संवर्धन र संरक्षण गर्ने व्यक्ति, समूह तथा संस्थाको अधिकार तथा दायित्वसम्बन्धी घोषणापत्र, १९९८) उक्त घोषणापत्रले मानव अधिकार रक्षकहरूको अधिकार, भूमिका, सुरक्षा र पहिचानलाई सशक्त बनाउने प्रयास गरेको छ।

Human rights defenders act “individually or in association with others, to promote and to strive for the protection and realization of human rights and fundamental freedoms” at the local, national, regional and international levels. They recognize the universality of human rights for all without distinction of any kind, and they defend human rights by peaceful means (United Nations, 1998).

मानव अधिकार रक्षकहरूको भूमिकालाई बेवास्ता गर्न मिल्दैन। मानव अधिकार रक्षकहरूले मानव अधिकार उल्लङ्घनलाई उजागर गर्नुका साथै त्यस्ता उल्लङ्घनहरूको निवारणका लागि वकालत, खवरदारी र ध्यानकर्षण गर्दै आएका छन्। मानव अधिकार उल्लङ्घनका घटनाको पहिलो र नजिकको सूचना स्रोतको रूपमा मानव अधिकार रक्षक रहेका हुन्छन। मानव अधिकार रक्षकहरूले स्थानीय तथा राष्ट्रिय रूपमा मानव अधिकार उल्लङ्घनका घटनाहरूको सूचना, तथ्य र जानकारीहरू सङ्कलन र सम्प्रेषण गर्दछन्। मानव अधिकार हननका पीडितहरूलाई सम्भव भएसम्म उद्दार, संरक्षण, न्याय र पुनर्स्थापना लागि सहयोग, समन्वय र सहकार्य गर्दछन् साथै जवाफदेहिता बहन गर्नका लागि सम्वन्धित पक्षलाई जिम्मेवार बनाउने कार्यमा पनि अग्रपङ्तिमा रहेर आफ्नो भूमिका निर्वाह गर्दै आएका छन्। मानव अधिकार हननका पीडितलाई सहयोग गर्ने, मानव अधिकार अवस्थाको अनुगमन गर्ने, दस्तावेजीकरण गर्ने र सिफारस गर्ने, जवाफदेहिता पद्धतिको विकास र दण्डहीनताको अन्त्य गर्न कार्य गर्ने, सुशासन र सरकारी नीतिमा सहयोग गर्ने मानव अधिकारका अन्तर्राष्ट्रिय महासन्धिको कार्यान्वयनमा सहयोग गर्ने, मानव अधिकार शिक्षा र क्षमता विकासका कार्यहरूमा अग्रणी भूमिका खेल्दै आएका छन्।

मानव अधिकार रक्षकहरू मानव अधिकारको संरक्षण र संवर्धनसम्बन्धी आफ्ना भूमिका र जिम्मेवारीका कारण जोखिममा पर्दै आएको सम्बन्धमा मानव अधिकारको क्षेत्रमा क्रियाशील सङ्घसंस्थाहरूको अध्ययनले उजागर गरेको विषय हो। विश्वका अन्य राष्ट्रको आँकडा हेर्ने हो भने पनि आवाजविहीनको आवाज र पीडितहरूको न्यायका लागि कार्य गर्नुपर्ने भएकोले पनि मानव अधिकार रक्षकहरू खतरामा रहने गरेको पाइन्छ। मानव अधिकार रक्षकहरूले भौतिक, सामाजिक तथा कानुनी सुरक्षाका चुनौतीहरूको प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा सामना गर्नुपरेको यथार्थता एकातिर छ भने अर्कोतर्फ मानव अधिकार रक्षकहरूको भूमिका र पहिचानलाई बेवास्ता गर्ने,

मानव अधिकार रक्षकहरूले गरेका मानव अधिकार संरक्षण तथा संवर्धनसम्बन्धी कार्यहरूलाई स्वीकार नगर्ने अर्थात मान्यता नदिने र उनीहरूको सुरक्षाका लागि सम्बन्धित पक्ष संवेदनशील हुन सकेको पाइँदैन।

## उद्देश्य

१. मानव अधिकार रक्षक को हुन भनी प्रष्ट पार्ने र उनीहरूको भूमिकाको अपरिहार्यतासम्बन्धी चर्चा गर्नु।

२. मानव अधिकार रक्षकहरूको सुरक्षा र संरक्षण सम्बन्धमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा भएका प्रयासहरू उजागर गर्नु।

## विधि तथा पद्धति

यो अनुसन्धानमुलक लेख तयार पार्न संयुक्त राष्ट्रसङ्घका घोषणापत्र, प्रतिवेदन तथा सिफारिसहरूबाट जानकारीहरू लिइएको छ। त्यस्तै नेपालमा मानव अधिकार रक्षकको अवस्थाका सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगबाट प्रकाशन गरिएका प्रतिवेदनलाई पनि महत्त्वपूर्ण सन्दर्भ सामग्रीको रूपमा राखिएको छ।

## मानव अधिकार रक्षक

मानव अधिकार रक्षकका बारेमा स्पष्ट परिभाषा गरेको पाइँदैन। व्यक्ति तथा समुहको मानव अधिकारको सम्बोधनका लागि भूमिका निर्वाह गरेको आधारमा मानव अधिकार रक्षकको पहिचान र परिभाषा गर्न सकिन्छ। सबै किसिमको लैङ्गिक पहिचान भएका मानिसहरूको मानव अधिकार संरक्षण र प्रवर्द्धनका लागि क्रियाशील महिला र महिलाको मानव अधिकार संरक्षण र प्रवर्द्धन तथा लैङ्गिक समानताका लागि क्रियाशील सबै किसिमको लैङ्गिक पहिचान भएका व्यक्तिहरू महिला मानव अधिकार रक्षक हुन् (United Nations, 1998)। अन्य मानव अधिकार रक्षकहरूभन्दा महिला मानव अधिकार रक्षकहरू जोखिममा रहेका हुन्छ। संयुक्त राष्ट्सङ्घीय घोषणापत्रले मानव अधिकार रक्षकहरूका अधिकारहरू महिला मानव अधिकार रक्षकहरूका लागि पनि उतिकै महत्त्वपूर्ण रहेको कुरालाई उजागर गरेको छ।

मानव अधिकारको प्राप्तिका लागि प्रवर्द्धन गर्ने तथा अन्य विभिन्न प्रयासहरू गर्ने जोकोही पनि मानव अधिकार रक्षक हो, जसमा कानुनव्यवसायी, ट्रेड युनियन, राष्ट्रसेवक कर्मचारी, राष्ट्रिय मानव अधिकार संस्था, गैरसरकारी संस्थाहरू, पत्रकार, चिकित्साव्यवसायी, विद्यार्थीहरू, मानव अधिकार रक्षकहरू हुन् सक्छन्। मानव अधिकार रक्षकको दायरालाई फराकिलो पार्दै संसदमा विपक्षीदलका नेताहरू जस्ले सरकारका मानव अधिकार बिरोधी कार्यहरूको विरोध गर्दछन् उनीहरूलाई पनि मानव अधिकार रक्षकको रूपमा स्वीकारिनुपर्दछ भन्ने पनि रहेको छ।

"Defenders working on business and human rights may also be government officials and civil servants or members of the private sector, including company employees such as trade unionists and whistle-blowers. Human rights defenders are often ordinary people living in remote areas, who may not even be aware that they are acting as human rights defenders (A/71/281, para. 8). What

members of this broad and diverse group have in common is the exercise of peaceful activities to address adverse business-related human rights impacts and seeking remedy (Frost, 2017)".

## मानव अधिकार रक्षकको काम, कर्तव्य र अधिकारः

मानव अधिकार रक्षकहरू मानव अधिकारको अवस्था सुदृढ गर्न र पीडितहरूको मानव अधिकार संरक्षण गरी न्यायमा पहुँच पुऱ्याउन क्रियाशील रहन्छन् । मानव अधिकार शिक्षा प्रवर्द्धन, मानव अधिकारको अवस्थाको अनुमगन तथा पीडितको संरक्षण, न्यायमा पहुँच, पुनःस्थापना मानव अधिकार रक्षकहरूका मुख्य काम हुन् । मानव अधिकार रक्षकहरूले मानव अधिकार संरक्षणको भूमिका निर्वाह गर्नेक्रममा विभिन्न समस्या तथा चुनौतिहरूको सामना गर्नुपर्दछ। मानव अधिकार रक्षकहरूले आफ्नो कार्य गर्ने क्रममा केही सजगता अपनाउनुपर्दछ । आफ्नो कार्यबाट स्वयं मानव अधिकार रक्षक नै जोखिममा पर्नुहुदैन र मानव अधिकार रक्षकले गरेका कार्यहरूबाट अरूलाई हानी हुनुहुदैन । यसै कुरालाई मध्येनजर गरी समाजमा मानव अधिकारको संवर्धन, संरक्षण, सम्मान र पालना गर्ने/गराउने राज्यको जिम्मेवारीलाई पर्याप्तता, प्रभावकारिता र गुणस्तरीयताको दृष्टिकोणले अनुगमन गर्ने मानव अधिकार रक्षकहरूको भूमिकालाई सबल, उत्तरदायी र पारदर्शी बनाउन सहयोग गर्ने उद्देश्यसहित मानव अधिकार रक्षकहरूसम्बन्धी मार्ग—निर्देशिका, २०६९ जारी गरिहको थियो । उक्त निर्देशिकामा मानव अधिकार रक्षकहरूका काम, कर्तव्य र अधिकारहरूको व्यवस्था गरेको छ (रा.मा.अ.आ.. २०६९, पृ.३-९)।

➤ ***मानव अधिकारको संवर्धनसम्बन्धी कामः***

- वकालत (Advocacy)
- विचारविमर्श/छलफल (Dialogue)
- अभियान तथा पैरवी (Campaigning and Lobbying )
- परामर्श (Consultation)
- सचेतना (Awareness and Sensitization)
- सुझाव र टिप्पणी (Suggestion and Feedback)
- प्रकाशन र सूचना प्रवाहीकरण (Publication and Dissemination Information)
- अनुगमन र अवलोकन (Monitoring and Observation)
- प्रलेखीकरण (Documentation)
- सार्वजनिक सुनुवाइ (Public Hearing)
- संयुक्त राष्ट्रसङ्घ सन्धिजनित वैकल्पिक प्रतिवेदन तयारी र प्रस्तुति
- ऐन—कानुन, नीति, कार्यक्रम र कार्ययोजनाहरूको पुनरावलोकन
- मानव अधिकार रक्षकका अन्य अधिकारहरू अन्य नेपाल कानुन, अन्तर्राष्ट्रिय कानुन तथा घोषणापत्रमा व्यवस्था गरेबमोजिम हुनेछन्

- ***मानव अधिकार शिक्षासम्बन्धी कामः***
  - मानव अधिकार शिक्षाको प्रचारप्रसार,
  - अनुसन्धान तथा विकास,
  - तालिम तथा प्रशिक्षण,
  - प्रकाशन तथा प्रसारण,
  - शैक्षिक तथा अन्य पाठ्य सामग्री (IEC Material) को उत्पादन,
  - विद्युतीय पाठ्य तथा श्रव्यदृश्य सामग्रीको उत्पादन र वितरण र
  - मानव अधिकारको नयाँ सिद्धान्त र विचारको विकास ।
- ***मानव अधिकारको संरक्षणसम्बन्धी कामः***
  - अनुगमन गर्ने (Monitoring),
  - तथ्य सङ्कलन र विश्लेषण गर्ने (Fact Finding and Analysis),
  - अनुसन्धान (सत्यतथ्य सङ्कलन) गर्ने
  - उद्दार र राहत प्रदान गर्ने (Rescue and Relief),
  - पुनःस्थापना तथा पुनःएकीकरणको व्यवस्था गर्ने,
  - उजुरी दर्ता गर्ने गराउने लगायतका विषयमा सहजीकरणको कार्य गर्ने,
  - निःशुल्क कानुनी सहायता उपलव्ध गराउने,
  - पीडितलाई न्यायिक तथा प्रशासनिक उपचार प्राप्त गर्न सहयोग गर्ने,
  - कानुनी तथा नीतिगत सुधारको लागि प्रस्ताव/सिफारिस गर्ने,
  - मानव अधिकार संरक्षणको कार्यमा सहकार्य गर्ने,
  - मानव अधिकार उल्लङ्घन भएकोमा उपचारको निमित्त सफारिस गर्ने,
  - ताकेता तथा दबाब (Insistence and Pressurizing),
  - मानव अधिकारसम्मत विषयहरूमा मेलमिलाप गराउने (Mediation and Conciliation),
  - सार्वजनिक सुनुवाइ कार्यक्रम गर्ने,
  - पीडित र प्रभावितहरूलाई निःशुल्क सहायता, मनोसामाजिक परामर्श (Psycho-social Counseling), राहत, औषधी उपचार इत्यादिको व्यवस्था गर्ने,
  - दण्ड विहीनताको अन्त्यको लागि काम गर्ने र
  - अन्य मानव अधिकार संरक्षणसम्बन्धी कार्य गर्ने ।

➤ ***मानव अधिकारको सम्मानसम्बन्धी कामः***

- संविधान, कानुन तथा न्यायका सर्वमान्य सिद्धान्तको पालना भए नभएको सम्बन्धमा निगरानी गर्ने,
- कानुनी तथा नीतिगत सुधारको लागि प्रस्ताव सिफारिस गर्ने,
- मानव अधिकार शिक्षाको प्रचारप्रसार गर्ने,
- मानव अधिकारको संवर्धन र संरक्षणको निमित्त जवाफदेही निकाय तथा पदाधिकारी उपर निगरानी गर्ने,
- मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धि र अन्य संयन्त्रहरूको पालना र तिनीहरूको घरेलुकरणको लागि परामर्श र दबाब गर्ने,
- मानव अधिकार मैत्री नीति निर्माण गर्न पहल गर्ने,
- मानव अधिकारको सम्मानार्थ न्यायसम्बन्धी अधिकार सुनिश्चित गर्न कानुनी सहयोग उपलव्ध गराउने,
- विकासमा मानव अधिकारमुखी अवधारणाको पैरवी र प्रचार—प्रसार गर्ने,
- सामाजिक न्याय र सामाजिक सुरक्षासम्बन्धी सरकारी नीति, कार्यक्रम र कार्यान्वयनको अनुगमन र समीक्षा गर्ने र
- मानव अधिकार रक्षकहरूको क्षमता सबलीकरण गर्ने ।

➤ ***मानव अधिकारको पालनासम्बन्धी कामः***

- सुशासनको निमित्त वकालत गर्ने,
- समाजमा सबै प्रकारको (लैङ्गिक, धार्मिक, सांस्कृतिक, आर्थिक, भौगोलिक, जातीयलगायत) भेदभाव रोकथाम र अन्त्यको लागि विविध कार्य सञ्चालन गर्ने,
- समाजमा समन्याय (Equity) कायम गर्न योगदान गर्ने,
- मानव अधिकारसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनको विषयमा छलफल, बहस र कार्यान्वयनको लागि प्रयास र योगदान गर्ने,
- मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धिहरूको अनुमोदनको लागि पहलकदमी गर्ने,
- मानव अधिकारको संवर्धन, संरक्षण र सम्मानको निमित्त आवश्यक सूचना तथा स्रोतहरूको व्यवस्थापन गर्ने,
- आवश्यकताअनुसार मानव अधिकारसम्बन्धी निकाय (National Human Rights Institutes - NHRIs) को स्थापना र संस्थागत विकासको लागि वकालत र पहलकदमी गर्ने,
- सबै किसिमको शैक्षिक तालिम कार्यक्रममा मानव अधिकारको सवाललाई मूल प्रवाहीकरण गर्ने सम्बन्धमा काम गर्ने,

- सार्वजनिक शासन व्यवस्था (Public Order) तथा सार्वजनिक हितको निमित्त मानव अधिकारमा लगाइने सीमा अन्त्यन्त न्यून हुनुपर्ने सन्दर्भमा वकालत गर्ने,
- दण्डहीनताको अवस्था र विकृतिलाई रोकथाम र अन्त्य गर्ने दिशामा काम गर्ने,
- अहरणीय अधिकार (Non-derogable Rights) जस्तैः यातना, हत्या, बलात्कार, मानव बेचबिखनजस्ता अपराध र मानव अधिकार उल्लङ्घनका विषयमा क्षमादान दिन नहुने सम्बन्धमा दबाबमूलक कार्यक्रम र वकालत गर्ने,
- मानव अधिकारका अन्तर्राष्ट्रिय मापदण्डको स्वीकार र कार्यान्वयनको निमित्त काम गर्ने,
- सशस्त्र द्वन्द्वबाट हुनसक्ने मानवीय हानीनोक्सानी रोकथाम गर्न प्रयास गर्ने,
- समाजमा शान्ति र न्यायशील वातावरण कायम गर्न योगदान गर्ने,
- मानवीय कानुनको निर्माण, सुधार र कार्यान्वयनको लागि वकालत गर्ने,
- बन्दीहरूको हक र हितको पक्षमा यथोचित काम गर्ने,
- सबैको लागि सबै मानव अधिकार (All Human Rights for All) को सर्वव्यापी मान्यतालाई सबैले अनुभूत गर्ने वातावरण सिर्जना गर्नको निमित्त विविध काम गर्ने,
- बालबालिका, महिला, अशक्त, अपाङ्गता भएका, अल्पसङ्ख्यक समुदाय, जेष्ठ नागरिक, मानसिक स्वास्थ्यमा समस्या भएका व्यक्ति र सिमान्तकृत वर्गको मानव अधिकारको रक्षालाई प्राथमिकतामा राख्ने,
- प्राकृतिक प्रकोप वा महामारी, भोकमरी आदि कारणबाट विस्थापन र जोखिममा परेकाहरूको लागि राहत, सहयोग र सेवा प्रदान गर्ने,
- संयुक्त राष्ट्रसङ्घीय संस्थाहरू समक्ष मानव अधिकारसम्बन्धी अभिसन्धिहरूको विषयमा गरिने राष्ट्रिय प्रतिवेदनको छायाँ प्रतिवेदन वा त्यस्तै किसिमको अन्य प्रतिवेदन तयार गरी पेश गर्ने ।

### *मानव अधिकार रक्षकहरूमा हुनुपर्ने गुणहरू*

मानव अधिकार रक्षकहुनका लागि मानव अधिकारसम्बन्धी ज्ञान तथा जानकारी भएरमात्र पुग्दैन । मानव अधिकार रक्षकमा आवश्यक गुण पनि हुनुपर्दछ । मानव अधिकार रक्षकसम्बन्धी मार्गनिर्देशिकामा मानव अधिकार रक्षकहरूका गुणसम्बन्धी निम्न व्यवस्था गरिएको छ (रा.मा.अ.आ.. २०६९, पृ.९) ।

- क्रियाशीलता,
- व्यवसायगत प्रतिबद्धता,
- सेवाभाव र सरल जीवनशैली,
- व्यवसायिक सीप,
- मानव अधिकारसम्बन्धी ज्ञान (महिला, बालबालिका, अल्पसङ्ख्यक, आदिवासी/जनजाति, दलित, अपाङ्गता भएका व्यक्तिहरूको अधिकार आदि),

- इमान्दारिता/विश्वसनियता/नैतिकता,
- जोखिम अवस्थासँग सामना गर्नसक्ने खुबी,
- धैर्यता र सहनशीलता,
- अवधारणात्मक सुष्पष्टता,
- योजनावद्ध ढङ्गले काम गर्न सक्ने खुबी,
- अपेक्षित परिणाम हासिल गर्ने क्षमता,
- पीडितहरूप्रति संवेदनशील भई निजहरूको हितमा काम गर्ने,
- मानव अधिकारको अधिकतम सम्मान र
- लैङ्गिक संवेदनशीलता ।

***मानव अधिकार रक्षकहरूले पालन गर्नुपर्ने आधारभूत आचारसंहिता*** (रा.मा.अ.आ., २०६९, पृ.१०)

अभिव्यक्ति र संस्थागत स्वतन्त्रताको रक्षा गर्न, लैङ्गिक समानता र विविधतालाई प्रवर्द्धन गर्न र विधिको शासन कायम राख्नका लागि मानव अधिकार रक्षकहरूको भूमिका महत्त्वपूर्ण हुन्छ। मानव अधिकार रक्षकहरूलाई उनीहरूले सुरक्षित र सहयोगी वातावरणमा काम गर्न सक्छन् भन्ने कुरालाई सुनिश्चित गर्नका लागि मानव अधिकार रक्षकहरूका लागि पनि आचार संहिताहरूको आवश्यकता पर्दछ। मानव अधिकार रक्षकहरूले आक्रमण, प्रतिशोध र अनुचित प्रतिबन्धहरूको सामना गर्न सक्छन्। आचार संहिताले उनीहरूलाई त्यस्ता जोखिम तथा खतराहरूबाट जोगाउन मद्दत गर्न सक्छ। आचार संहिताले मानव अधिकार रक्षकहरूले राष्ट्रिय र अन्तर्राष्ट्रिय मानव अधिकारसम्बन्धी निम्न मापदण्डहरूको पालना गर्ने कुरा सुनिश्चित गर्न मद्दत गर्दछः

- कसैको पनि प्रतिष्ठा र सम्मानमा आँच पर्याउन नहुने,
- कसैलाई हानी गर्न नुहुने (Do No Harm) सिद्धान्तको पालना गर्ने,
- मानव अधिकार,कानुनको शासन, न्याय तथा लोकतान्त्रिक मूल्य र मान्यताको पालना गर्ने
- राजनैतिक, धार्मिक, सांस्कृतिक, जातीय, साम्प्रदायिक, लैङ्गिक आदि पूर्वाग्रह राखी कार्य गर्न नहुने,
- कार्य सम्पादनको शीलसिलामा कुनै किसिमको पूर्वाग्रह (Biasness and Prejudice) राख्न नहुने,
- अन्तर्राष्ट्रिय रूपमा मान्य जस्तैः संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार रक्षकसम्बन्धी घोषणापत्र र अन्य सम्बन्धित आचारसंहिता पालना गर्ने,
- कार्यसम्पादनको शीलसिलामा उच्चतम विवेकको उपयोग गर्ने,
- मानव अधिकार रक्षकको लागि तोकिएका पहिचान जस्तैः पहिरन, पोशाक, प्रतीक वा परिचयात्मक चिन्हको दुरूपयोग नगर्ने र हुन नदिने,
- विपन्न वर्ग र दुर्गमक्षेत्रका वासिन्दालाई मानव अधिकारको सेवा उपलव्ध गराउने नीति लिने,

- मानव अधिकार संवर्धन र संरक्षणलाई सेवागत विषयको रूपमा आत्मसात गर्ने,
- पीडित तथा प्रभावितहरूप्रति सम्मानपूर्वक सेवा र सहयोग गर्ने,
- पीडितलाई मानव अधिकारको सेवा जुनसुकै बखत आवश्यक परेपनि उपलव्ध गराउन तत्पर रहने,
- कानुनको शासनको मूल्य र मान्यताको अभिवृद्धि गर्नमा सहयोग गर्ने र
- मानव अधिकारको ज्ञान र सीप विस्तारमा क्रियाशील रहने ।

***मानव अधिकार रक्षकहरूले व्यक्तिगत सुरक्षासम्बन्धी सर्वदा ध्यानमा राख्नुपर्नेछ विषयहरू*** (रा.मा.अ.आ., २०६९, पृ.१०)

संसारभरि, मानव अधिकार रक्षकहरूले नियमित रूपमा धम्की, जोखिम, झुटो अभियोजन र स्वतन्त्रतामाथि बन्देज, कतिपय अवस्थामा हिंसात्मक आक्रमण वा हत्याको सामना गरिरहेका छन् । शक्तिमा रहेको व्यक्ति तथा सङ्गठनले मानव अधिकार संरक्षणका अभियानहरूलाई कमजोर बनाउन र रक्षकहरूमा डर फैलाउन नियमित रूपमा यस्ता रणनीतिहरू प्रयोग गर्ने गर्छन्। मानव अधिकार रक्षकहरूको काम महत्त्वपूर्ण हुन्छ । मानव अधिकार रक्षकहरूको भूमिकाकै कारणले हामीमध्ये धेरैले वर्तमानमा आफ्ना अधिकार र स्वतन्त्रताको उपभोग गरिरहेका छौं । मानव अधिकार रक्षकहरूले मानव अधिकारको संरक्षण, न्याय, समानता र शान्तिसम्बन्धी काम गर्दा आफ्नो जीवन र सुरक्षालाई जोखिममा पारेका हुन्छन। राज्य तथा सार्वजनिक निकायहरू उनीहरूको पूर्णसुरक्षाका लागि सफल हुनसकेका छैनन्। कतिपय अवस्थामा त कानुन कार्यान्वयन गर्ने निकायहरूबाट नै मानव अधिकार रक्षकहरूको सुरक्षा जोखिममा पर्ने अवस्था आउँछ। यस परिवेशमा मानव अधिकार रक्षकहरूले व्यक्तिगत सुरुक्षा सम्बन्धमा सर्वदा ध्यान राख्नुपर्दछ। यस तथ्यलाई मध्येनजर राख्दै मानव अधिकार रक्षक मार्गनिर्देशिकामा नै निम्न सिद्धान्तहरूको व्यवस्था गरिएको छः

- आफ्नो बसोबास र कार्यक्षेत्र वरिपरिको अवस्थामा सदैव जानकारी राख्ने, (Be aware of your Surroundings) ।
- जोखिमको बेला यथासम्भव एउटै समयमा एकै किसिमले एउटै बाटोबाट आवागमन नगर्ने, (Avoid routine when possible) (यथासम्भव एउटै समयमा एकै किसिमले एउटै बाटोबाट आवागमन गर्दा मानव अधिकार रक्षकउपर आक्रमण गर्न चाहने व्यक्तिलाई सजिलो हुने) ।
- सुरक्षासम्बन्धी नियमलाई अनुशासित र व्यवहारिकरूपमा अवलम्बन गर्ने, , (Be methodical and Disciplined in security procedures) ।
- आपसमा सूचना आदानप्रदानलाई चुस्त बनाउने र यथासम्भव एक्लै हिंडडुल नगर्ने, (Maintain good communication and do not travel alone)।
- व्यक्तिगत सुरक्षासम्बन्धी कार्यविधिलाई नित्यकर्मजस्तै पालन गर्ने र सदैव ख्याल राख्ने, (Adhere to procedures, but exercise initiative and common sense) ।

➢ ***मानव अधिकार रक्षकहरूले आफ्नो सुरक्षाको लागि देहायका नियमहरू पालन गर्नुपर्दछ ।***

- मानव अधिकार रक्षकहरूले सुरक्षा आफैबाट सुरु हुन्छ (Safety Start from the Self) भन्ने मान्यतालाई आत्मसात गर्ने ।
- मानव अधिकार रक्षकको रक्षा गर्नु अर्को मानव अधिकार रक्षकको प्राथमिक र नैतिक कर्तव्य हुने ।
- सर्वसाधारण सरह भई काम गर्दा सुरक्षाको दृष्टिले न्यून लक्षित (Low Target) वर्गमा परिने सम्भावना भएकोले सर्वसाधारणको हैसियतमा (Low Profile) रहने ।
- अत्यधिक र अनाधिकृत सञ्चार माध्यमसँगको सम्पर्कलाई न्यून गर्ने ।
- सामान्यतयाः स्थानीय जनसमुदाय र मानव अधिकार रक्षकहरूप्रति आदरभाव र नम्र स्वभावबाट व्यवहार गर्ने ।
- अनावश्यक रूपमा सर्वसाधारणको ध्यानाकर्षणको पात्र नहुने ।
- उत्तेजक अवस्थाबाट बच्न स्थानीय रहनसहन र वातावरण अनुकुल हुने ।
- कुनै स्थानको सुरक्षा अवस्थाको कारण सामान्यरूपमा काम गर्न नसकिने अवस्था रहेमा सुरक्षा तथा सञ्चारलगायतका उपयुक्त व्यवस्था मिलाई कार्य सम्पादन गर्ने ।
- आफ्नो गतिविधिउपर कोही कसैले निगरानी गरेको सम्बन्धमा सदैव सजग रहने ।
- मुठभेडको अवस्थामा आफू आक्रामक नहुने । त्यस्तो अवस्थामा तुरुन्त प्रहरी केन्द्रमा वा सुरक्षित स्थानमा जाने वा कसैको शरण लिई सुरक्षित रहने ।
- आफ्नो परिचयसम्बन्धी लिखत सर्वदा साथमा राख्ने ।
- दैनिक गतिविधिमा पर्नसक्ने सम्भावित जोखिमहरूउपर सधैं ध्यान दिने ।
- आफ्नो कामको सम्बन्धमा कार्यालय र सहकर्मीहरूसँग नियमित सम्पर्कमा रहने ।
- आपतकालीन अवस्थामा तुरुन्त (बढीमा एकदुई मिनेटभित्र) सुरक्षित स्थानमा जान सकिने गरी अत्यावश्यक सामग्रीसहितको झोला चुस्त-दुरुस्त राख्ने ।
- आफूप्रति सम्भावित आक्रमण र निगरानी (Surveillance) सम्बन्धमा जानकारी प्राप्त गर्ने समेत प्रयोजनको लागि छरछिमेकी, मित्रहरू तथा सहकर्मीहरूको निरन्तर सम्पर्कमा रहने र त्यसलाई यथासम्भव सञ्जाल (Network) को रूपमा उपयोग गर्ने ।
- आफ्नो आवास र कार्यालयको सुरक्षाको उचित प्रबन्ध गर्ने तथा आक्रमणको अवस्थामा आफू वा कार्यालयको रक्षाको लागि आक्रमणकर्ताहरूलाई परास्त गर्न सकिने किसिमको कार्ययोजना बनाइ लागू गर्ने व्यवस्था मिलाउने ।
- यथासम्भव कार्यालय तथा आवासको भवनमा बाहिरबाट सजिलै प्रवेश गर्नको लागि उपयोग हुने सक्ने सामग्री (भर्याङ्ग, डोरी, लामा काठ, बाँस वा डण्डीहरू) नराख्ने ।

- काम (काम)मा जाँदा उपलव्ध भएसम्म आवश्यक सामग्रीहरू जस्तैः मोबाइल फोन, आवश्यक टेलिफोन नम्बरहरू, सलाई तथा मैनबत्ती, पानी, हल्का खाद्यसामग्री, प्राथमिक उपचार सामग्री, अग्नी निरोधक सामग्री, मौसमअनुसार उपयुक्त कपडा, टर्चलाइट, आवश्यक पैसा, हिँड्न सजिलो हुने जुत्ता, सम्बन्धित मानव अधिकार रक्षकको पहिचान खुल्ने पोशाक आदि साथमा राख्ने ।
- गोप्य सूचनाहरू थाहा पाउनै पर्ने सम्बन्धित व्यक्तिबाहेक अरूलाई नदिने ।
- विशेष सावधानीको रूपमा भ्रमणबाट फर्किने अनुमानित समय उल्लेख गरी निरन्तर रूपमा कार्यालय तथा आफन्तको सम्पर्कमा रहने र
- विशेष परिस्थिति उत्पन्न भई कसैले कब्जामा लिई जीवन जोखिममा पर्ने सम्भावना भएमा आत्मरक्षाको लागि आत्मसमर्पणलगायतका हरेक प्रयास गर्ने

***मानव अधिकार रक्षकका अधिकार***

संयुक्त राष्ट्रसङ्घबाट सन् १९९८ मा मानव अधिकार रक्षकहरूको अधिकारसम्बन्धी विश्वव्यापी रूपमा स्वीकार गरिएका मानव अधिकार र मौलिक स्वतन्त्रताको संवर्धन र संरक्षण गर्ने व्यक्ति, समूह तथा संस्थाको अधिकार तथा दायित्व सम्बन्धी घोषणापत्र, १९९८ (United Nations, 1998) जारी गरेको थियो । उक्त घोषणापत्रले मानव अधिकार रक्षकहरूको अधिकार, भूमिका, सुरक्षा र पहिचानलाई सशक्त बनाउने प्रयास गरेको छ । मानव अधिकार रक्षकसम्बन्धी घोषणापत्रको धारा १, ५, ६, ७, ८, ९, ११, १२ र १३ तथा विभिन्न समयमा मानव अधिकार रक्षकसम्बन्धी प्रतिवेदकले गरेका सिफारिसअनुसार मानव अधिकार रक्षकहरूका अधिकारहरू निम्नानुसार रहेका छन्ः

- मानव अधिकार हननका पीडितलाई सहयोग गर्ने, मानव अधिकार अवस्थाको अनुगमन गर्ने, दस्तावेजीकरण तथा सिफारिस गर्ने ।
- जवाफदेहिता पद्धतिको विकास र दण्डहीनताको अन्त्य गर्न कार्य गर्ने मानव अधिकार हननका पीडितलाई सहयोग गर्ने ।
- मानव अधिकार अवस्थाको अनुगमन गर्ने, दस्तावेजीकरण गर्ने र सिफारिस दिने ।
- जवाफदेहिता पद्धतिको विकास र दण्डहीनताको अन्त्य गर्न कार्य गर्ने ।
- मानव अधिकारको सचेतना जगाउनका लागि गतिविधीहरू सञ्चालन गर्ने ।
- असल शासनको प्रवर्द्धन र सरकारी नीतिमा सहयोग गर्ने मानव अधिकारका अन्तर्राष्ट्रिय महासन्धिको कार्यान्वयनमा सहयोग, मानव अधिकार शिक्षा र क्षमता विकासका लागि कार्यक्रमहरू गर्ने गराउने ।
- राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा मानव अधिकार संरक्षणसम्बन्धी कार्य गर्ने ।
- एक्लै वा अरूसँग मिलेर मानव अधिकारसम्बन्धी काम गर्ने ।
- संस्था बनाउने वा संस्थामा सहभागी हुने ।

- शान्तिपूर्ण रूपमा भेला हुने ।
- मानव अधिकारसँग सम्बन्धित सूचना प्राप्त गर्ने, प्रवाह, सम्प्रेषण गर्ने ।
- मानव अधिकारसँग सम्बन्धित नयाँ सोचको विकास र वकालत गर्ने ।
- मानव अधिकार हननका विषयमा आलोचना गर्ने र सुधारको लागि सुझाव दिने ।
- मानव अधिकार हननका विषयमा उजुरी गर्ने ।
- मानव अधिकार संरक्षणको लागि कानुनी परामर्श र सहायता दिने ।
- मानव अधिकारको राष्ट्रिय र अन्तर्राष्ट्रिय दायित्वको बारेमा सार्वजनिक सुनुवाइ र बहस गर्ने ।
- मानव अधिकार संरक्षणको लागि सरकारी नियकासँग संवाद गर्ने ।
- मानव अधिकार हनन्विरुद्ध शान्तिपूर्ण कार्यक्रमको सञ्चालन गर्ने ।
- मानव अधिकार संरक्षणका लागि स्रोत प्राप्ति र विकास गर्ने ।

### *रक्षकहरूको संरक्षण र सुरक्षाको अवधारणा*

प्रत्येक व्यक्तिको, व्यक्तिगत रूपमा अरूसँग मिलेर राष्ट्रिय र अन्तर्राष्ट्रिय तहमा मानव अधिकार र मौलिक स्वतन्त्रताहरूको संरक्षण र प्राप्तिका लागि प्रयत्नशील हुन पाउने अधिकारलाई मानव अधिकार रक्षकको अधिकारसम्बन्धी घोषणापत्रको धारा १० ले अन्तर्राष्ट्रिय रूपमा नै सुरक्षित गरेको छ (United Nations, 1998) । जसअनुसार मानव अधिकार रक्षकलाई सुरक्षित र सबल वातवरणमा विना त्रास, प्रतिशोध, अनुचित बन्देजविना काम गर्न कानुनी मान्यता र संरक्षण प्राप्त रहेको हुन्छ। मानव अधिकार रक्षकको संरक्षणले मानव अधिकारको सम्मान, लोकतन्त्र, सुशासन, कानुनी शासन र दिगो विकासमा टेवा पुगेको हुन्छ।

कानुनी, आर्थिक, सामाजिक तथा राजनीतिक शक्तिको आडमा मानव अधिकारको संरक्षण र संवर्धनका लागि क्रियाशील मानव अधिकार रक्षकहरूले आघात तथा जोखिमको सामना गर्नुनपरोस्, मानव अधिकार रक्षकहरूले आफ्नो भूमिकाकै कारण आफ्ना अधिकारबाट वञ्चित हुनुनपरोस् र मानव अधिकारको संरक्षण संवर्धनका लागि क्रियाशील मानव अधिकार रक्षकको समग्र सुरक्षा र उनीहरूका अधिकारको संरक्षणका लागि राज्य तथा सरकारलाई जिम्मेवार हुनपर्छ भन्ने उद्देश्यले मानव अधिकार रक्षकका अधिकारसम्बन्धी घोषणापत्र १९९८ जारी गरिएको हो। मानव अधिकार संरक्षण र संवर्धनको जिम्मेवारीका साथै मानव अधिकार रक्षकहरूको संरक्षण र सुरक्षाका लागि राष्ट्रिय मानव अधिकार आयोगलाई पनि घोषणापत्रले दायित्ववान बनाएको छ। पछिल्लो समयमा मानव अधिकार रक्षकविरुद्ध भइरहेका ज्यादती तथा अपराधिक घटनाहरूको आँकडा हेर्दा मानव अधिकार रक्षकहरूको संरक्षणको विषय झनै टड्कारो आवश्यकता भएको छ।

### *रक्षकविरुद्ध हुने ज्यादतिः प्रवृत्ति र ढाँचा*

मानव अधिकार रक्षकहरूले शान्तिपूर्ण माध्यमबाट मानव अधिकारको संरक्षण र संवर्धनका लागि अभियान सञ्चालन गर्ने गरेको भएपनि यस क्रममा विभिन्न जोखिम,आघात तथा अवरोधहरूको समाना गरिरहनुपरेको छ। त्यस्ता जोखिम, आघात तथा अवरोधहरूमध्ये मुख्य गरी मानव अधिकार रक्षक स्वयंले जातीय विभेद,

लैङ्गिक विभेद, मानव अधिकार रक्षकको रूपमा स्वीकार नै नगर्ने मानव अधिकार रक्षकको पहिचान नै नस्वीकार्ने अवस्थाको सामना गरिरहेका छन्। समग्रमा मानव अधिकार रक्षकहरूलाई बिचौलियाको आरोप लाएर निरुत्साहित बनाउने, शारीरिक क्षति पुर्‍याउने धम्कि, यौनजन्य अपराधको धम्की, बोलि वा बचनले अपमानित गर्ने, झुठा लाञ्छना लगाई सामाजिक मानप्रतिष्ठामा हानी गर्ने तथा हानी गर्ने प्रयासहरू गरिने गरेको छ। कतिपय अवस्थामा शारीरिक तथा भौतिक आक्रमण गरिने, झुठा मुद्दा लाउने वा लाउने धम्की दिइने, मानव अधिकार रक्षक तथा निजको संस्थासँग सम्बन्धित निजि सम्पती क्षतिगर्ने वा गर्ने धम्की पनि आउने गर्दछन् (United Nations, 2022)।

सार्वजनिक रूपमा रक्षकहरूको पहिचान स्वीकार नगर्दा मानव अधिकार रक्षकको रूपमा सार्वजनिक निकायहरूमा प्रवेशमा असहज अवस्था सिर्जना हुने गरेको, जिम्मेवार तथा जवाफदेही ब्यक्तिले कुराकानी गर्न नखोज्ने, सूचना तथा जानकारी दिंदै नदिने वा अपूर्ण दिने अवस्थाको समाना गर्नुपरेको छ । साथै, सूचना तथा जानकारी प्राप्त गर्न जटिलता देखाउने वा अलि बढी प्राविधिक हुने, पीडित सम्बन्धी वा ब्यक्तिगत गोप्य सूचनाहरू सार्वजनिक गर्ने धम्की तथा सार्वजनिक नै गरिदिने जस्ता थुप्रै कार्यहरू मानब अधिकार रक्षकविरुद्ध हुने गर्दछन् । कतिपय अवस्थामा सञ्चारकर्मीले समाचार सम्प्रेषण गरेकै आधारमा फौजदारी अपराधको दायित्व बहन गर्नुपर्ने अवस्थाको विद्यमानता पनि रहेको छ ।

मानब अधिकार रक्षकलाई डिजिटल सुरक्षाको जोखिम पनि बढदो छ । विश्वव्यापी रुपमा मानव अधिकार रक्षकको अवस्थाका सम्बन्धमा भएका प्रतिवेदनको अध्ययन गर्दा, डिजिटल प्लाटफर्मको दुरूपयोग गरी झुठा अफवाह फैलाइने तथा अपराधका नवितम उपायहरूबारेमा थाहा पाएर मानव अधिकार रक्षकहरुविरुद्ध पनि बिभिन्न अपराधिक घटना भईरहेका छन । त्यस्तै सामाजिक सञ्जालमा नक्कली प्रोफाइल बनाएर सामाजिक रूपमा बेइज्जत गर्ने, ब्लयाकमेलिंग गर्ने, भ्रमात्मक तथा तथ्यहीन समाचारहरूबाट मानब अधिकार रक्षक पीडित भएका छन । मानव अधिकार रक्षकका अन्तरंग तस्वीर तथा कुराकानी सार्वजनिक गरेर पारिवारिक तथा सार्वजनिक जीवनमा नकारात्मक असर गर्ने, फोटोसपमार्फत अश्लिल फोटोहरू बनाइ सामाजिक सञ्जालमा राखेर सामाजिक मानप्रतिष्ठामा आँच पुर्‍याउने कार्यजस्ता हुने गर्दछन् । साथै मानव अधिकार रक्षकविरुद्ध जातीय तथा साम्प्रदायिक शान्ति खलबल्याउने किसिमका अफवाहहरू फैलाइने पनि गर्दछन ।

## *नेपालमा मानव अधिकार रक्षकले सामना गर्नुपरिरहेका समस्याहरू*

नेपालमा मानव अधिकार रक्षकहरूको भूमिकालाई बेवास्ता गरिएको पाइन्छ। मानव अधिकार रक्षकहरू पीडितको अधिकार संरक्षण र न्याय प्राप्तिका लागि अहोरात्र क्रियाशील रहदा पनि उनीहरू मानव अधिकार रक्षक हुन भन्ने कुरालाई नीतिगत रूपमा संबोधन गरेको छैन। अझ, महिला मानव अधिकार रक्षक, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकहरुका अधिकार रक्षकहरू तथा वातावरण अधिकार रक्षकहरूको अवस्था अन्य मानव अधिकार रक्षकहरू भन्दा थप जोखिमयुक्त रहेको छ। उनीहरूको भूमिकालाई सार्वजनिक निकायहरूबाट पहिचान तथा मान्यता दिई प्रोत्साहित गर्नुको सट्टा हतोत्साहित गरिने गरिन्छ (रा.मा.अ.आ. २०७९)।

महिला मानव अधिकार रक्षकहरूलाई लैङ्गिकता तथा उनीहरूले गर्ने कार्यहरूकै आधारमा अनलाइन आक्रमणहरू

भइरहेका छन् (Forum Asia, 2019)। "महिला मानव अधिकार रक्षकहरूले सामान्यतया अन्य मानव अधिकार रक्षकहरू जस्तै सबै खाले जोखिम र उल्लङ्घनहरूको सामना गर्छन्। यद्यपि, प्रचलित सामाजिक र सांस्कृतिक मान्यताहरूका कारण यी उल्लङ्घनका परिणामहरू प्रायः महिला मानव अधिकार रक्षकहरूका लागि लैङ्गिक रूपमा विशिष्ट किसिमका हुन्छन्। महिला मानव अधिकार रक्षकहरूले सार्वजनिक र निजी क्षेत्रहरूमा लैङ्गिक मौखिक दुर्व्यवहार अनलाइन र अफलाइन यौन उत्पीडन, बलात्कार र यौन हिंसाअतिरिक्त सामाजिकरूपमा कलंकित बनाउने लैङ्गिक विशिष्ट खतराहरू र हिंसाको सामना गर्न सक्छन् (OHCHR, 2020)। "

"९० प्रतिशत महिला मानव अधिकार रक्षकहरू सहित उनीहरूको परिवारका सदस्यहरू, नजिकका साझेदारहरू र सहकर्मीहरूलाई उनीहरूको काम गर्नबाट रोक्नको लागि धम्कीको सामना गर्छन्। ९५ प्रतिशत महिला मानव अधिकार रक्षकले घरेलु हिंसा र दुर्व्यवहारको परिणामस्वरूप मानसिक उत्पीडनको सामना गरेका छन्,। ७० प्रतिशत महिला मानव अधिकार रक्षकहरूले घरेलु हिंसा, मौखिक दुर्व्यवहार र उत्पीडनको माध्यमबाट यौन दुर्व्यवहारको समेत सामना गरेका छन् (नयाँ पत्रिका, २०७७)।"

मानव अधिकार रक्षकको अवस्थाका सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगले २०२२ मा एक अध्ययन गरेको थियो । त्यसबाट पनि मानव अधिकार रक्षकहरूको अवस्था कस्तो छ भन्ने आँकलन गर्न सकिन्छ । मानव अधिकार रक्षकको अवस्था अध्ययनबाट मानव अधिकार संरक्षण, संवर्धन तथा न्यायका लागि क्रियाशील रहँदा तथा सरोकार देखाउँदा अत्याधिक असहजता तथा कठीनाइहरूको सामना गर्नुपरिरहेको, मानव अधिकारको संरक्षणको जिम्मेवारी भएका सार्वजनिक निकायहरूको नै पीडितमैत्री व्यवहार नपाइएको, मानव अधिकार रक्षकहरूलाई मानव अधिकार रक्षकको रूपमा नै स्वीकार्न नसकेको, उनीहरूले मानव अधिकार संरक्षण, संवर्धन तथा न्यायका लागि खेलेको भूमिकालाई सार्वजनिक निकायहरूबाट स्वीकार्य हुन नसकेको, मानव अधिकार रक्षकहरूसँग परिचयपत्र माग्ने गरेको, कतिपय अवस्थामा मानव अधिकार रक्षकहरूले नै धम्की, भौतिक आक्रमण तथा कानुनी समस्याहरूको सामना गर्नुपरेको समस्याहरू उजागर भएका छन् । त्यस्तै उक्त अध्ययनले मानव अधिकार रक्षकहरूको अवस्था सुधारका लागि केही सुझावहरू पनि दिएको छ । जसमा, मानव अधिकार रक्षकहरूका अधिकारको निर्वाध प्रयोगका लागि कानुनी र व्यवहारिक उपायहरू अवलम्वन गर्नुपर्ने, मानव अधिकार रक्षकहरूको सुरक्षा, संरक्षण र पहिचानका लागि कानुन निर्माण गरी कार्यानन्वय प्रभावकारी बनाउनुपर्ने, महिला मानव अधिकार रक्षक लगायत अत्यधिक जोखिममा पर्न सक्ने मानव अधिकार रक्षकहरूका लागि बहुआयामिक सुरक्षाका उपायहरू अवलम्वन गुर्नपर्ने, मानव अधिकार रक्षकहरूको क्षमता सबलीकरणका लागि राष्ट्रिय मानव अधिकार आयोगले पहल गर्नुपर्ने विषयमा जोड दिइएको थियो ।

साथै स्थानीय तहमा रहेका कुनै पनि संस्था तथा सञ्जालसँग आबद्ध नभएका तर मानव अधिकार संरक्षण, संवर्धन र न्याय प्राप्तिका लागि क्रियाशील मानव अधिकार रक्षकहरूको पहिचान, सुरक्षा र संरक्षणका लागि नीतिगतरूपमा नै सरकारलाई जिम्मेवार बनाउनुपर्ने रहेका छन् (रा.मा.अ.आ..२०७९)। इन्सेकको अभिलेख सन् २०२२ जनवरीदेखि अक्टोबरसम्म १ सय ३५ जना मानव अधिकार रक्षक पीडित पीडित भएका, यो अवधिमा दुईजना मानव अधिकार रक्षकको हत्यासमेत भएको, सबैभन्दा बढी पत्रकारमाथि दुर्व्यवहार भएको अभिलेख छ । त्यस्तै, सन् २०२३ को जनवरीदेखि सेप्टेम्बरसम्म मानव अधिकार संरक्षण र प्रवर्द्धनमा संलग्न एक सय ४३ जना

मानव अधिकार रक्षक पीडित भए । यस अवधिमा सबैभन्दा बढी मानव अधिकारकर्मी ५३ जना पीडित भए । त्यसैगरी ३२ जना पत्रकार, २० जना शिक्षक, १५ जना स्वास्थ्यकर्मी र १३ जना सामाजिक कार्यकर्ता पीडित भएका इन्सेकले अभिलेख गरेको छ । इन्सेकको अभिलेखअनुसार एक जना मानव अधिकार रक्षकको यस अवधिमा हत्या भयो । गिरफ्तारीका घटनामा ३७ जना, कुटपिटका घटनामा ४८ जना, अमानवीय व्यवहारका घटनामा आठ जना, कुटपिटबाट घाइते १४ जना, जातीय विभेदका घटनामा दुई जना, धम्कीका घटनामा १० जना, अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकारबाट २१ जना र आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारबाट दुई जना मानव अधिकार रक्षक पीडित भए (पौडेल, २०२३, पृ.२६-६१) ।

मानव अधिकारको अवस्था सम्बन्धी इन्सेक वर्ष पुस्तकले मानव अधिकार रक्षकहरुको बारेमा सन २०२४ को तथ्यांक पनि सार्वजनिक गरेको छ ।

**तालिका १.४ सन् २०२४ मा मानव अधिकार रक्षकको अवस्था**

| घटनाको प्रकार | राज्यपक्षबाट | | | अन्यपक्षबाट | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | |
| गिरफ्तार | २ | ३ | ५ | | | | ५ |
| कुटपिट | ३ | ५ | ८ | १८ | ३३ | ५१ | ५९ |
| अमानवीय व्यवहार | २ | ४ | ६ | १३ | १२ | २५ | ३१ |
| घाइते | ३ | ४ | ७ | १४ | ५ | १९ | २६ |
| हत्या | | | | १ | ९ | १० | १० |
| जातीय विभेद | | | | | १ | १ | १ |
| अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार | ५ | ७ | १२ | | | | १२ |
| धम्की | | ३ | ३ | ११ | १६ | २७ | ३० |
| जम्मा | १५ | २६ | ४१ | ५७ | ७६ | १३३ | १७४ |

*(श्रोत: इन्सेक २०२४)*

**तालिका १.५ सन् २०२४ मा पेसागत आधारमा पीडित भएका मानव अधिकार रक्षकहरुको सङ्ख्या**

| घटनाको प्रकार | राज्यपक्षबाट | | | अन्यपक्षबाट | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | |
| इन्जिनियर | | | | १ | ३ | ४ | ४ |
| स्वास्थ्यकर्मी | | | | २४ | ६ | ३० | ३० |
| मानव अधिकार रक्षक | १४ | ११ | २५ | ६ | १ | ७ | ३२ |
| पत्रकार | | ११ | ११ | ७ | ३५ | ४२ | ५३ |
| कानुन व्यवसायी | | | | | १ | १ | १ |
| सामाजिक कार्यकर्ता | १ | ३ | ४ | ७ | १३ | २० | २४ |
| शिक्षक | | १ | १ | १२ | १७ | २९ | ३० |
| जम्मा | १५ | २६ | ४१ | ५७ | ७६ | १३३ | १७४ |

(स्रोत : इन्सेक, २०२४)

नेपालमा मे ३ सन् २०२३ देखि अप्रिल २६ सन् २०२४ प्रेस स्वतन्त्रता हननका ६२ वटा घटना भएका छन् । गतवर्ष यही अवधिमा प्रेस स्वतन्त्रता हननका ५५ वटा र मे ३ सन् २०२१ देखि २०२२ को अवधिमा ७५ वटा घटनाहरू अभिलेख भएका थिए । ६२ वटा घटनामा १६८ जना पत्रकार र २ सञ्चारसंस्था गरी १७० पीडित भएका छन् । नेपाल पत्रकार महासङ्घ, सञ्चार अनुगमन एकाइमा अभिलेख भएअनुसार यी घटनाहरूमा यो एक वर्षको अवधिमा पत्रकार गिरफ्तारका दुई घटना भएका छन् । कब्जा तथा अवरोधका तीन, पत्रकारमाथि दुर्व्यवहार तथा धम्कीका २९, आक्रमणका १४ वटा घटना भएका छन् । यस्तै पेशागत असुरक्षाका १४ वटा घटना भएका छन् । यसबाट ९३ जना पत्रकार र आठ सञ्चारसंस्था गरी १०१ पीडित भएका छन् । महासङ्घको सञ्चार अनुगमन एकाइमा अभिलेख भएअनुसार यी घटनाहरूमा यो एक वर्षको अवधिमा पत्रकार गिरफ्तारका २ घटना भएका छन् । कब्जा अवरोधका सात, दुर्व्यवहार तथा धम्कीका २४, आक्रमणका ११ वटा घटना भएका छन् । यस्तै लैङ्गिक हिंसाका दुई, विस्थापन एक र पेशागत असुरक्षाका ५५ वटा घटना भएका छन् (नेपाल पत्रकार महासङ्घ, २०८१).।

***मानव अधिकार रक्षकका सम्बन्धमा राज्य तथा सार्वजनिक निकायको दायित्व***

राज्यका निकायहरू विशेष गरी सरकारले शान्ति र न्यायपूर्ण समाजको लागि मानव अधिकार रक्षकहरूले दिंदै आएको योगदानको कदर गर्नुपर्दछ। सरकारका निकायहरूले मानव अधिकार रक्षकहरूलाई बेवास्ता गर्ने वा उनीहरूका कार्यमा असहयोग गर्ने तथा बाधा अवरोध सिर्जना गर्नुको सट्टा न्यायपूर्ण र हिंसारहित समाज स्थापनाका लागि उनीहरूको अपरिहार्यतालाई स्वीकार्नु पर्दछ । मानव अधिकार रक्षकको अधिकारसम्बन्धी घोषणापत्र १९९८ को धारा २,९,१२, १४ र १५ ले घोषणापत्रको कार्यान्वयन र सम्मान गर्ने राज्यको भूमिका र दायित्व हुने कुराको सुनिश्चितता गरेको छ (United Nations, 1998)।

मानव अधिकार रक्षकहरूको अधिकार हनन् हुने कुनै पनि प्रकृतिको क्रियाकलाप गर्नबाट राज्यका निकायहरू टाढा बस्नु पर्ने,

- कुनै पनि तेस्रो पक्षबाट मानव अधिकार रक्षकमाथि हुन सक्ने आक्रमण, ज्यादती तथा अन्य मानव अधिकार उल्लङ्घन (अपराधिक कार्य)हरू बाट मानव अधिकार रक्षकलाई संरक्षण गर्ने,
- मानव अधिकार रक्षकहरूका अधिकारको पूर्ण उपभोगका लागि सहजीकरण गर्ने र संरक्षणसम्बन्धी कानुनको निर्माण गर्ने स्पष्ट जिम्मेवारीसहित राष्ट्रिय संयन्त्रको निर्माण गर्ने,
- मानव अधिकार रक्षकका अधिकारको सम्मान, संरक्षण एवं परिपालना गर्ने, गराउने, मानव अधिकार रक्षकका गतिविधि र कामलाई सहजीकरण गर्नुपर्ने
- मानव अधिकार र मौलिक स्वतन्त्रता सम्बन्धी सामग्रीमा निःशुल्क पहुँच प्रदान गर्ने,
- गोपनीय स्रोतहरू नखुलाउने दायित्व,
- मानव अधिकार रक्षकविरुद्ध हुने त्रास वा प्रतिशोध विरुद्ध सुरक्षा सुनिश्चित गर्ने,
- स्वेच्छाचारी वा गैरकानुनी घुसपैठ र हस्तक्षेपविरुद्ध संरक्षण सुनिश्चित गर्ने,

- मानव अधिकार रक्षकहरूविरुद्ध हुने घटनाहरूको अनुगमन तथा अनुसन्धान गरी प्रभावकारी उपचार र पूर्ण परिपूरण सुनिश्चित गर्ने,
- मानव अधिकार रक्षकविरुद्ध हुने त्रास वा प्रतिशोधजन्य कार्यलाई अपराधीकरण गर्ने,
- मानव अधिकार शिक्षाको प्रवर्द्धन र सहजीकरण गर्ने,
- मानव अधिकार रक्षकको संरक्षण र तत्काल सुरक्षा उपायहरू कार्यान्वयन गर्ने,
- विदेशमा रहेका मानव अधिकार रक्षकहरूलाई सहयोग गर्ने ।

### *अन्तर्राष्ट्रिय कानुन, संयन्त्र तथा प्रयास*

मानव अधिकार रक्षकको विषय संयुक्त राष्ट्रसङ्घको एजेण्डामा धेरै वर्षसम्म छलफल कै बिचमा रह्यो । संयुक्त राष्ट्रसङ्घमा भएको लामो छलफल र प्रयासपश्चात संयुक्त राष्ट्रसङ्घबाट सन् १९९८ मा मानव अधिकार रक्षकहरूको अधिकारसम्बन्धी घोषणापत्र विश्वव्यापी रूपमा स्वीकार गरिएका मानव अधिकार र मौलिक स्वतन्त्रताको संवर्धन र संरक्षण गर्ने व्यक्ति, समूह तथा संस्थाको अधिकार तथा दायित्वसम्बन्धी घोषणापत्र, १९९८, (General Assembly Resolution A/RES/53/144) जारी गरेको थियो । मानव अधिकार रक्षकका अधिकार सुरक्षित गर्ने सवालमा यो एक ऐतिहासिक उपलब्धिको रूपमा रह्यो । घोषणापत्र विशेष गरी मानव अधिकार रक्षकहरूको कामको वैधता, महत्त्व र उनीहरूको सुरक्षाको आवश्यकतालाई मान्यता दिने संयुक्त राष्ट्रसङ्घको पहिलो दस्तावेज थियो । मानव अधिकारको विश्वव्यापी घोषणापत्र १९४८ को धारा १९, २० र २८ मा विचार र अभिव्यक्ति स्वतन्त्रता, स्वतन्त्रपूर्वक भेला हुनपाउने र सङ्गठिन हुन पाउने अधिकारका साथै प्रत्येक व्यक्तिलाई घोषणापत्रमा उल्लिखित अधिकार स्वतन्त्रतापूर्वक प्राप्त गर्न सकिने कुरा सुनिश्चित गरिएको छ । मानव अधिकार रक्षकहरूको अधिकारलाई विश्वव्यापीरूपमा संरक्षण प्रदान गर्न विभिन्न मानव अधिकारसम्बन्धी महासन्धिहरूका अतिरिक्त पक्ष राष्ट्रहरूलाई जिम्मेवार बनाउने उद्देश्यले मानव अधिकार र मौलिक स्वतन्त्रताको संरक्षण र संवर्धन गर्ने व्यक्ति, समूह तथा संस्थाको अधिकार तथा दायित्व सहितको मानव अधिकार रक्षकको अधिकारसम्बन्धी घोषणापत्र, १९९८ जारी गरिएको थियो ।

### *संयुक्त राष्ट्रसङ्घीय घोषणापत्रको व्यवस्था*

मानव अधिकार रक्षकको अधिकारसम्बन्धी घोषणापत्र, १९९८ को धारा १,३,४,५,७,८,९,१२,१३ र १८ मा मानव अधिकार रक्षकका अधिकारहरूको व्यवस्था गर्नुका साथै मानव अधिकार रक्षकहरूको विशेष संरक्षणका व्यवस्था गरिएको छ । घोषणापत्रको धारा २,९,१२, १४ र १५ ले घोषणापत्रको कार्यान्वयन र सम्मान गर्ने राज्यको भूमिका र दायित्व हुने कुराको सुनिश्चितता गरेको छ । मानव अधिकार रक्षकसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय घोषणापत्र कडा कानुन (Hard Law) होइन । तर यस घोषणापत्रका सिद्धान्त र अधिकारहरूसम्बन्धी प्रावधानहरू कानुनी रूपमा बाध्यात्मक मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिका मापदण्डबमोजिम राखिएको हुनाले यसको परिपालना र कार्यान्वयन राष्ट्रहरूका लागि अनिवार्य हुन्छ । यस घोषणापत्रलाई संयुक्त राष्ट्रसङ्घको महासभाले सर्बसम्मत रूपमा स्वीकृत गरेको थियो। राज्यले यस घोषणापत्रलाई बाध्यकारी राष्ट्रिय

कानुनको रूपमा घरेलुकरणसमेत गर्नुपर्दछ। घोषणापत्रको धारा १०, ११ र १८ मा व्यक्ति तथा समुदायको दायित्व पनि तोकेको छ । जसमा मानव मानव अधिकार रक्षकहरूको अधिकार, मान्यता र संरक्षणसम्बन्धी राष्ट्रिय र अन्तर्राष्ट्रिय कानुनी व्यवस्था अधिकार संवर्धन गर्ने, लोकतन्त्र र यसका संस्थाहरूको संरक्षण गर्ने र अरूका मानव अधिकारको हनन् नगर्ने दायित्व र जिम्मेवारी तोकेको छ। त्यसैगरी नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६६ को धारा १९, २१ र २२ ले विचार र अभिव्यक्तिको स्वतन्त्रताका साथै शान्तिपूर्ण रूपमा भेला र सङ्गठिन हुन पाउने अधिकारको सुनिश्चितता गरेको छ।

***मानव अधिकार रक्षक विशेष समाधिक्षकको व्यवस्था***

मानव अधिकार रक्षकका अधिकारसम्बन्धी घोषणापत्रको प्रभावकारी कार्यान्वयनलाई प्रभावकारी बनाउनका लागि मानव अधिकार रक्षकहरूको संरक्षणका लागि समन्वय र सहकार्य अभिवृद्धि गर्ने अख्तियारी सहित संयुक्त राष्ट्रसङ्घ मानव अधिकार आयोगले सन् २००० मा मानव अधिकार रक्षकसम्बन्धी कार्यदिशसहित विशेष समाधिक्षकको स्थापना गरेको थियो । मानव अधिकार परिषद्ले मानव अधिकार रक्षकसम्बन्धी विशेष समाधिक्षकको कार्यदिश तथा जिम्मेवारीलाई सन् २०११, २०१४, २०१७ र २०२० मा अझ व्यापक र बिस्तृत बनाएको थियो । मानव अधिकार रक्षक विशेष समाधिक्षकको कार्यदिशहरू (United Nations, 2020)

- विभिन्न राष्ट्रका सरकार र अन्य पक्षहरूसँगको सहकार्य र रचनात्मक संवादका माध्यमबाट मानव अधिकार रक्षकसम्बन्धी संयुक्त राष्ट्र घोषणापत्रको प्रभावकारी कार्यान्वयनको प्रवर्द्धन गर्ने ।
- मानव अधिकारको संरक्षण र संवर्धन गर्ने अधिकारको प्रवृत्ति, विकास र चुनौतीहरूको अध्ययन गर्ने ।
- मानव अधिकार रक्षकहरूको राम्रोसँग संरक्षण गर्न प्रभावकारी रणनीतिहरू सिफारिस गर्ने र ती सिफारिसहरूको पालनाको अवस्था अनुगमन गर्ने ।
- मानव अधिकार रक्षकहरूको अवस्थाबारेमा जानकारी तथा सूचनाको खोजी गर्ने, प्राप्त गर्ने, परिक्षण तथा जाँच गर्ने र सो सम्बन्धमा प्रतिक्रिया दिने ।
- महिला मानव अधिकार रक्षकहरूमा विशेष ध्यान केन्द्रीत गर्दै आफूलाई प्राप्त कार्यदिशको सम्पूर्ण गतिविधि तथा कार्यहरूमा लैङ्गिक परिप्रेक्षलाई एकीकृत गर्ने ।
- संयुक्त राष्ट्रसङ्घको मुख्यालय र विभिन्न देशमा रहेका सम्बद्ध निकायहरू तथा अन्य विशेष कार्यविधीहरूसँग समन्वय गर्ने ।
- मानव अधिकार परिषद् र महासभालाई वार्षिक रूपमा प्रतिवेदन दिने ।

***मानव अधिकार रक्षकको अवस्था सम्बन्धमा भएका अन्य प्रयास***

सन २०११ मा मानव अधिकार रक्षकसम्बन्धी विशेष समाधिक्षक मार्गरेट सेकागायाले संयुक्त राष्ट्रसङ्घ मानव अधिकार परिषदमा पेश गरेको प्रतिवेदनमा महिला अधिकार तथा लैङ्गिक समानतका सवालहरूमा क्रियाशील महिला मानव अधिकार रक्षकहरूको अवस्था र लैङ्गिक संरक्षणको सवाललाई जोडदिँदै उनीहरूविरुद्ध हुन सक्ने

गम्भीर उल्लङ्घनहरूविरुद्ध विशिष्ट सुरुक्षाको आवश्यकतालाई मुख्यरूपमा जोडदिएको थियो। महिला मानव अधिकार वा लैङ्गिक सवालहरूमा क्रियाशील महिला मानव अधिकार रक्षकहरूले आफ्ना कामको प्रकृतिको कारण सामना गर्ने असाधारण जोखिमबारेमा चिन्ता व्यक्त गरिएको थियो। त्यस्ता जोखिमहरूमा गैरकानुनी गिरफ्तारी, दुर्व्यवहार, यातना, अपराधीकरण, सामाजिक लाञ्छना, आक्रमण, धम्की, ज्यान मार्ने धम्की, हत्या र यौनहिंसा तथा बलात्कारलाई औंल्याइएको थियो । यस्ता उल्लङ्घनमा महिला मानव अधिकार रक्षकहरूका परिवारका सदस्यहरूलाई पनि लक्षित बनाइएको हुन्छ, भन्ने विषयलाई पनि प्रतिवेदनमा उल्लेख गरिएको थियो (United Nations, 2011)।

सन् २०१८ मा मोरक्कोको माराकेचमा भएको विश्वका मानव अधिकार राष्ट्रिय संस्थाहरूको सम्मेलनले मानव अधिकर रक्षकहरूको संरक्षण, संवर्धन, सहयोग, साझेदारी र क्षमता अभिवृद्धिका लागि महिलाहरूको सहभागिता र सुरक्षामा विशेष ध्यान केन्द्रित गर्दै नागरिक क्षेत्रको बिस्तार र मानव अधिकार रक्षकहरूको संरक्षण र संवर्धनमा राष्ट्रिय मानव अधिकार संस्थाहरूको भूमिकाको घोषणा गरेको थियो (GANHRI, 2018)।

सन् २०१८ मा फ्रान्सको पेरिसमा भएको मानव अधिकार रक्षक विश्व शिखर सम्मेलनले राष्ट्रहरूलाई मानव अधिकार रक्षकहरूको संरक्षण र सुरक्षाका लागि राष्ट्रिय कार्ययोजना बनाउन आग्रह गरेको छ (HRDWS, 2018)।

संयुक्त राष्ट्रसङ्घीय महासभाको तेस्रो समितिले पहिलो पटक २७ नोभेम्बर सन् २०१३ मा महिला मानव अधिकार रक्षकहरूको संरक्षणका लागि विश्वव्यापीरूपमा मान्यता प्राप्त मानव अधिकार र मौलिक स्वतन्त्रको संरक्षण र संवर्धन गर्ने व्यक्ति, समूह र समाजका अंगहरूको अधिकार र जिम्मेवारी सम्बन्धी घोषणापत्रको संवर्धन गर्न प्रस्ताव पारित गरेको थियो (United Nations, 2013)।

मानव अधिकारको उपभोग, वातवरण संरक्षण र दिगो विकासका लागि वातावरणीय मानव अधिकार रक्षकहरूको योगदानलाई मान्यता दिदैं मानव अधिकार परिषद्द्वारा २१ मार्च २०१९ मा प्रस्ताव पारित गरिएको थियो (Right Docs, 2019)।

एसिया प्रशान्त क्षेत्रका राष्ट्रहरूमा मानव अधिकार रक्षकहरूको संरक्षण र संवर्धनका लागि एसिया प्रशान्त मञ्च र यसका सदस्य राष्ट्रिय मानव अधिकार संस्थाहरूको सामूहिक प्रतिबद्धता प्रदर्शन गर्न मानव अधिकार रक्षकसम्बन्धी क्षेत्रीय कार्य योजना जारी गरेको छ । कार्ययोजनाले एपिएफ तथा यसका सदस्यहरूले GANHRI declaration on "Expanding the civic space and promoting and protection rights defenders, with a specific focus on women the role of National Human Rights Institutions" (The Marrakesh Declaration) को कार्यान्वयन गर्न गरेको मुख्य प्रतिबद्धतालाई सम्मान गरेको छ । यो कार्ययोजना सरकारहरूका लागि निर्देशित होइन, बरु राष्ट्रिय मानव अधिकार संस्थाहरूले गरेका प्रतिबद्धताहरूको सङ्कलन हो (APF, 2021)।

व्यवसाय र मानव अधिकार सम्बन्धमा मानव अधिकार रक्षकहरूको भूमिकालाई व्यवसाय र मानव अधिकारसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय मार्गनिर्देशक सिद्धान्त २०११ ले महत्त्वपूर्ण रूपमा स्वीकार गरेको छ । जसमा मानव अधिकार रक्षकहरूलाई व्यावसायिक क्षेत्रले मानव अधिकारको विशेषज्ञको रूपमा सहयोग लिन सक्ने तथा मानव अधिकार रक्षकहरूको सुरक्षाको दायित्व राज्यको हुने व्यवस्था गरेको छ (United Nations, 2011)।

### *राष्ट्रिय मानव अधिकार संस्थाहरूको भूमिका र दायित्व*

मानव अधिकार रक्षकहरूको सुरक्षा उनीहरूका अधिकारको संरक्षण गर्ने सरकारको दायित्व र कर्तव्य रहेको हुन्छ । मानव अधिकार रक्षकसम्बन्धी सरकारको कर्तव्य तथा दायित्वको कार्यान्वयन अवस्थाको अनुगमन गरी निर्देशन, सल्लाह, सिफारिस र मार्गदर्शन दिने तथा मानव अधिकार रक्षकहरूको क्षमता अभिवृद्धि गर्ने महत्त्वपूर्ण र विशेष भूमिका राष्ट्रिय मानव अधिकार संस्थाको रहेको हुन्छ ।

संयुक्त राष्ट्रसङ्घका मानव अधिकार रक्षक विशेष प्रतिवेदकको सिफारिसमा मानव अधिकार रक्षकहरूको संरक्षणका लागि राष्ट्रिय मानव अधिकार संस्थाहरूले प्रमुख र बिस्तृत भूमिका निर्वाह गर्न सक्छन । राष्ट्रिय मानव अधिकार संस्थाहरूले मानव अधिकार रक्षकहरूको अधिकार सम्बन्धमा ब्यापक सचेतिकरण गर्न प्रवर्द्धनका अभियानहरू सञ्चालन गर्न सक्दछन् यसबाट मानव अधिकार रक्षकहरूको संरक्षणसम्बन्धी राष्ट्रिय कानुन निर्माणमा महत्त्वपूर्ण योगदान दिन साथै मानव अधिकार रक्षकहरूको अवस्थाका सम्बन्धमा अनुगमन गरी वास्तविकता उजागर गर्न सक्दछन् । नागरिक समाज संस्थाहरूका सरोकारहरूलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा उजागर गर्ने र मानव अधिकार रक्षकहरूविरुद्ध हुनसक्ने सम्भावित मानव अधिकार उल्लङ्घनबाट संरक्षण गर्ने तथा मानव अधिकार उल्लङ्घनका घटनाहरूको अनुसन्धान गरी आवश्यक उपचारका लागि पहल गर्ने जिम्मेवारी मुख्य रूपमा रहेका छन् ।

राष्ट्रिय मानव अधिकार संस्थाको रूपमा मानव अधिकार रक्षकहरूको सुरक्षा, उनीहरूका अधिकारको संरक्षण, पहिचान र मान्यताका लागि राष्ट्रिय मानव अधिकार आयोग महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ । राष्ट्रिय मानव अधिकार आयोगका सिफारिस तथा मार्गनिर्देशनहरूको कार्यान्वयनको अवस्था सन्तोषजनक नभए पनि मानव अधिकार रक्षकहरूका लागि देशभित्र सहज र सुरक्षित बातावरणको सिर्जना गर्नका लागि महत्त्वपूर्ण भूमिका खेल्दै आएको छ ।

दिगो विकास लक्ष्यको लागि राष्ट्रिय मानव अधिकार संस्थाहरूले के गर्न सक्नेछन् भन्ने सन्दर्भमा राष्ट्रिय मानव अधिकार संस्थाको अन्तर्राष्ट्रिय समन्वय समितिको १२औं अन्तर्राष्ट्रिय सम्मेलन मेक्सिकोको मेरीडामा सन २०१५ मा आयोजना भएको थियो । उक्त सम्मेलनले दिगो विकास लक्ष्य २०३० कार्यान्वयनमा राष्ट्रिय मानव अधिकार संस्थाहरूको भूमिकासम्बन्धी घोषणापत्र जारी गरेको थियो । घोषणापत्रमा सम्मेलनले दिगो विकास लक्ष्य ऐजेण्डा ३० को प्राप्तिका लागि नागरिक समाजको प्रमुख भूमिका तथा योगदान रहेको कुरालाई दृढतापूर्वक दोहोर्‍याउदै सहकार्य, साझेदारी तथा सहयोगका अवसरहरू खोल्दै अनुगमन र कार्यान्वयनमा नागरिक समाजको पूर्ण सहभागिता सुनिश्चित गर्ने कुरालाई स्वीकार गरिएको छ (ICC, 2015) ।

यसै सन्दर्भमा राष्ट्रिय मानव अधिकार संस्थाहरूको विश्वव्यापी एलायन्स (Global alliance of National Human Rights Institution, GANHRI) को १३ औं अन्तराष्ट्रिय सम्मेलन सन २०१८ अक्टोर १० देखि १२ सम्म मोरक्कोको माराकेचमा आयोजना गरिएको थियो । उक्त सम्मेलनले मानव अधिकार रक्षकको सुरक्षा र नागिरक स्थानलाई मूल मुद्दाको रूपमा स्वीकार गर्दै घोषणापत्र जारी गरेको थियो (The Marrakaesh Declaration "Expanding the civic space and promoting and protecting human rights defenders, with a specific

focus on women: The role of national human rights institutions") । सम्मेलनले सिविक स्पेस (civic space) लाई संरक्षण गर्न र मानव अधिकार रक्षकहरूका लागि संरक्षण, संवर्धन, सहकार्य र साझेदारी निर्माण गर्न राष्ट्रिय मानव अधिकार संस्थाहरूले व्यवहारिकारूपमा नै रणनीतिहरूको निर्माण गर्न प्रतिबद्धता गरेको छ । मुख्य गरी राष्ट्रिय मानव अधिकार संस्थाको जिम्मेवारीलाई माराकेच घोषणापत्रले निम्नलिखित रूपमा स्वीकार गरेको छ (GANHRI, 2018)।

- मानव अधिकार रक्षक, नागरिक समाज, संघ संस्था तथा अन्य सरोकारवालाहरूसँगको परामर्श र विमर्शमार्फत मानव अधिकार रक्षकको संरक्षणसम्बन्धी राष्ट्रिय संयन्त्रको स्थापनाका लागि पहल गर्नुपर्ने ।
- मानव अधिकार रक्षकसम्बन्धी संयुक्त राष्ट्र घोषणापत्र UN Declaration on Human Rights Defenders को कार्यान्वयनसहित सबै अन्तर्राष्ट्रिय मानव अधिकार उपकरणहरूलाई अनुमोदन गर्न राज्यलाई प्रोत्साहित र सो को कार्यान्वयनका लागि सहयोग अभिवृद्धि गर्ने ।
- नागिरक स्थान (civic space) तथा मानव अधिकार रक्षकहरूको अधिकार, सहभागिता, समानता, स्वतन्त्रता, सुरक्षालगायत नागरिक अधिकारहरूको अनुगमन गरी प्रतिवेदन सार्वजनिक गर्ने *(जसमा मानव अधिकार रक्षकहरूको हत्या, झुठा कानुनी अभियोगहरू, कानुनको दुरुपयोग तथा आक्रमणहरू पर्दछन्।)*
- राष्ट्रिय मानव अधिकार संस्थाभित्र मानव अधिकार रक्षकसम्बन्धी प्रभावकारी र बलियो संयन्त्रको स्थापना गर्ने ।
- लैङ्गिक समानता प्रवर्द्धन गर्न र महिला मानव अधिकार रक्षकहरूविरुद्ध हुने भेदभावका सबै स्वरूपहरूविरुद्ध रणनीतिहरूको विकास गर्ने ।
- मानव अधिकार रक्षक तथा नागरिक समाजसँग नियमित अन्तरक्रिया र मानव अधिकार रक्षकसम्बन्धी स्थानीय, प्रादेशिक तथा राष्ट्रिय सञ्जालको विकास र सुदृढीकरण गर्न सहयोग गर्ने ।
- मानव अधिकार रक्षकहरूको समर्थनमा अन्तर्राष्ट्रिय तथा क्षेत्रीय प्रणालीसँग अन्तक्रिया र संवाद गर्ने र मानव अधिकार रक्षकसम्बन्धी सिफारिस कार्यान्वयनको निरन्तर अनुगमन तथा निगरानी गर्ने ।

राष्ट्रिय मानव अधिकार संस्थाहरूको एसिया प्रशान्त मञ्च (Asia Pacific forum on NHRIs)ले यसका सदस्य राष्ट्रहरूमा मानव अधिकार रक्षकको अवस्थालाई सुरक्षित र प्रभावकारी बनाउन क्षेत्रीय कार्ययोजना (२०२१-२५) निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । यस कार्ययोजनाले माराकेच घोषणा २०१८ अन्तर्गत गरिएका मुख्य प्रतिबद्धताहरू एसिया प्रशान्त मञ्च र यसका सदस्यहरूलाई महसुस गराएको छ । जसले राष्ट्रिय मानव अधिकार संस्थाहरूका लागि मानव अधिकार रक्षकहरूको अधिकार संरक्षण गर्न विश्वव्यापी रूपरेखा स्थापना गरेको छ । उक्त कार्ययोजनाअनुसार निम्न उल्लिखित कार्यहरू राष्ट्रिय मानव अधिकार संस्थाहरूले जुन, २०२५ सम्म लागु गरेको हुनुपर्ने दायित्व सिर्जना गरेको छ (APF, 2021, p. 24-31) ।

***१. मानव अधिकार रक्षकहरूको सुरक्षा र अधिकार प्रचलनका लागि राष्ट्रिय सुरक्षा प्रणालीको स्थापनाका लागि पहल र वकालत गर्न***

- मानव अधिकार रक्षकको सुरक्षासम्बन्धी राष्ट्रिय सुरक्षा प्रणालीको समीक्षा गर्ने,
- मानव अधिकार रक्षकहरूसम्बन्धी राष्ट्रिय कानुनको वकालत गर्ने,
- मानव अधिकार रक्षकका अधिकारसम्बन्धी सरकारी नीति र कार्यक्रमका लागि सहयोग अभिवृद्धि गर्ने.

***२. लैङ्गिक समानताको प्रवर्द्धन र महिला मानव अधिकार रक्षकहरूको पहिचान, स्वीकार्यता र मान्यताको मूल प्रवाहीकरण गर्न***

- मानव अधिकार संरक्षण तथा संवर्धनसम्बन्धी महिला मानव अधिकार रक्षकहरूको भूमिका तथा क्रियाकलापहरूलाई स्वीकार्य बनाउन पहल गर्ने र आवश्यक सहयोग अभिवृद्धि गर्ने,
- मानव अधिकार रक्षकहरूविरुद्ध हुने हिंसा तथा उल्लङ्घन सम्बन्धमा सङ्कलन गर्दा लैङ्गिक आधारमा खण्डिकृत तथ्याङ्कको सुनिश्चितता गर्ने र
- पृथक लैङ्गिक पहिचान भएका, लैङ्गिक पहिचान नखुलेका तथा यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक मानव अधिकार रक्षक तथा सम्बन्धित सोसँग सम्बन्धित संस्थाहरूको सुरक्षा र पहिचान सुनिश्चितता गर्ने,

***३. मानव अधिकार रक्षकहरूका अधिकार सम्बन्धमा सचेतना अभिवृद्धि गर्न***

- आयोगका मानव अधिकार शिक्षा संवर्धनसम्बन्धी नीति, कार्यक्रम तथा क्रियाकलापहरूमा मानव अधिकार रक्षकका अधिकारहरूको मूल प्रवाहीकरण गर्ने,
- मानव अधिकार रक्षकहरूका अधिकारसम्बन्धी विशेष अभियानहरू सञ्चालन गर्ने,
- मानव अधिकार रक्षकहरूका बीचमा पनि सचेतना अभिवृद्धिसम्बन्धी अभियान सञ्चालन गर्ने र
- मानव अधिकार रक्षकहरूको अधिकारसम्बन्धी संवर्धनात्मक सामग्रीहरू स्थानीय भाषामा उपलब्ध गराउने ।

***४. आयोगभित्र "पूर्वसूचना प्रणाली" को स्थापना तथा विकास गर्न,***

- आयोगभित्र मानव अधिकार रक्षक अधिकृतको व्यवस्था गर्ने,
- पर्याप्त स्रोत साधनसहित द्रुत प्रतिक्रिया टिम स्थापना गर्ने र
- जोखिम तथा खतरामा रहेका मानव अधिकार रक्षकहरूको लागि राष्ट्रिय हटलाइन सेवा र सञ्चारका अन्य आवश्यक प्रक्रियाहरूको स्थापना गर्ने ।

### ५. *मानव अधिकार रक्षकहरूविरुद्ध हुने उल्लङ्घनहरूको अनुगमन गर्ने*

- उजुरी ग्रहण गर्ने प्रणाली भित्र मानव अधिकार रक्षकलाई पनि पहिचान गर्ने गरी व्यवस्था गर्ने,
- मानव अधिकार रक्षकका अधिकारसम्बन्धी सयुक्त राष्ट्रसङ्घीय घोषणापत्र १९९८ को सरकारी निकायबाट भएको कार्यान्वयनको अनुगमन गर्ने र
- मानव अधिकार रक्षकहरूका सञ्जालहरू, समुदाय तथा अन्य सम्बन्धित पक्ष लगायत स्रोतहरूबाट मानव अधिकार रक्षकहरूका अधिकार उल्लङ्घन सम्बन्धी खण्डिकृत तथ्याङ्क सङ्कलन गर्ने ।

### ६. *मानव अधिकार रक्षकविरुद्ध हुने उल्लङ्घनको प्रतिवेदन गर्ने*

- मानव अधिकार रक्षकहरूका विरुद्ध हुने उल्लङ्घन सम्बन्धी विभिन्न विषयहरूमा राष्ट्रिय जाँचबुझ सञ्चालन गर्ने,
- मानव अधिकार रक्षकविरुद्ध हुने उल्लङ्घनको अवस्थासम्बन्धी विशेष प्रतिवेदन तयारी गर्ने र
- आयोगको वार्षिक प्रतिवेदनमा मानव अधिकार रक्षकसम्बन्धी विषय समावेश गर्ने ।

### ७. *मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रणालीसँगको संलग्नता गर्ने*

- मानव अधिकार रक्षकहरूविरुद्ध हुने उल्लङ्घनका सम्बन्धमा अन्तर्राष्ट्रिय मानव अधिकार संयन्त्रमा प्रतिवेदन पेश गर्ने,
- संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार संयन्त्रहरूका सिफारिस तथा सुझावहरूको कार्यान्वयनको अवस्था अनुगमन गर्ने र
- संयुक्त राष्ट्रसङ्घ मानव अधिकार परिषद्अन्तर्गतका विशेष कार्यविधि (Special Procedure) अधिकार प्राप्त प्रतिनिधि विशेष गरी मानव अधिकार रक्षक विशेष समाधिक्षक (UN Special Rapporteur on the situation of human rights defenders) सँग प्रभावकारी ढंगले संलग्न हुने ।

### ८. *मानव अधिकार रक्षकहरूको राष्ट्रिय सञ्जाल सुदृढीकरण गर्ने,*

- मानव अधिकार रक्षकहरूको सञ्जाल निर्माणका लागि सहजीकरण र स्रोतसाधन स्थापना गर्ने,
- मानव अधिकार रक्षकहरूका सञ्जालहरू जो जहाँ छन्, उनीहरूको पहुँच् बिस्तार कार्यक्रम विकास गर्ने,
- मानव अधिकार रक्षक सञ्जालहरूसँग सहकार्य तथा साझेदारीमा कार्यक्रमहरू सञ्चालन गर्ने र
- मानव अधिकार रक्षक सञ्जाल र अन्य सरोकारवालाहरूका बीचमा अन्तरसम्बन्ध विस्तार गर्ने ।

## मानव अधिकार रक्षकका अधिकार संरक्षणमा नेपालमा भएका प्रयासहरू

- नेपालको संविधानको भाग ३ मा ३१ वटा मौलिक हक सम्बन्धी व्यवस्था,
- मौलिक हकहरूको प्रचलनका लागि कानुन निर्माण भई कार्यान्वयनको चरणमा, मौलिक हक

उल्लङ्घन भएको अवस्थामा संवैधानिक उपचारको हकको व्यवस्था,

- संवैधानिक तथा कानुनी हकको प्रचलनका लागि सक्षम अदालतको व्यवस्था,
- मानव अधिकारको संरक्षण र संवर्धनको प्रचलनका लागि काम, कर्तव्य र अधिकार सहितको राष्ट्रिय, मानव अधिकार आयोगको व्यवस्था,
- विभिन्न विषयगत आयोगहरूको स्थापना,
- सूचना, सञ्चार र प्रेस सम्बन्धी कानुनहरूको व्यवस्था र
- नेपाल सरकार, गृहमन्त्रालयबाट मानव अधिकारकर्मीहरूको सुरक्षा र संरक्षण गर्ने सम्बन्धी आदेश, २०७७ जारी

***राष्ट्रिय मानव अधिकार आयोगबाट गरिएका प्रयासहरू*** *(रा.मा.अ.आ.,२०७९, पृ.२०).*

- मानव अधिकार रक्षकसम्बन्धी पहिलो राष्ट्रिय सम्मेलन २०६९ साल, असोज २२ र २३ गते
- मानव अधिकार रक्षकहरूसम्बन्धी मार्ग-निर्देशिका, २०६९ जारी
- मानव अधिकार सहकार्य तथा समन्वयसम्बन्धी मार्ग-निर्देशिका, २०६९ जारी
- मानव अधिकार रक्षक दोस्रो राष्ट्रिय सम्मेल २०७४ कार्तिक २६ र २७ गते मानव अधिकार रक्षकसम्बन्धी दोस्रो राष्ट्रिय सम्मेलनले रक्षकसम्बन्धी २१ बुँदे घोषणापत्र जारी,
- मानव अधिकार मानव अधिकार रक्षकहरूको अवस्था अध्ययन प्रतिवेदन २०७९
- क्रियाशील मानव अधिकार रक्षकहरूका लागि वि.सं. २०६८ सालदेखि स्व. दयाराम स्मृति मानव अधिकार पुरस्कार वितरण
- मानव अधिकार आयोगका कर्मचारीहरूका लागि वि.सं. २०७५ सालदेखि उत्कृष्ट मानव अधिकार पुरस्कार वितरण
- मानव अधिकार रक्षकहरूको अधिकार संरक्षण र संवर्धनलाई मुख्य विषयको रूपमा प्रस्तुत गरी २०७८ फागुन २० र २१ गते देशका सात वटै प्रदेशहरूमा मानव अधिकार रक्षक प्रादेशिक सम्मेलन आयोजना
- मानव अधिकार रक्षक प्रादेशिक सम्मेलनमा मानव अधिकार रक्षकका अधिकार संरक्षण र संवर्धन तथा उनीहरूको सुरक्षा र मान्यताका सवाललाई समेटी सातै प्रदेशबाट घोषणापत्र जारी
- मानव अधिकार रक्षकहरूको अवस्थाको लेखाजोखा र विश्लेषण गर्ने उद्देश्यले मानव अधिकार
- रक्षकहरूको अवस्थाको अध्ययन
- मानव अधिकार रक्षकका अधिकारको संरक्षण र उनीहरूको सुरक्षालाई प्रभावकारी बनाउने
- मूल उद्देश्यसहित मानव अधिकार रक्षक तेस्रो राष्ट्रिय सम्मेलन २०७९ जेठ ९ र १० गते सम्पन्न
- मानव अधिकार रक्षक तेस्रो राष्ट्रिय सम्मेलनबाट विभिन्न प्रतिबद्धतासहित ११ बुँदे घोषणापत्र जारी
- सातै प्रदेश सम्मेलबाट आएका सुझावहरूका आधारमा मानव अधिकार रक्षकहरूको संरक्षण र संवर्धनका लागि नमूना कानुन मस्यौदा गरी छलफल र सुझावका लागि राष्ट्रिय सम्मेलनमा प्रस्तुत

- समय समयमा मानव अधिकार रक्षकहरूको अवस्था अनुगमन
- मानव अधिकार रक्षक तथा नागरिक समाज, संस्थाहरूसँग विभिन्न सवालहरूमा निरन्तर सहकार्य र मानव अधिकार रक्षकविरुद्ध हुने मानव अधिकार हनन्का घटनाहरूको उजुरी लिई अनुसन्धान गर्दै आएको ।

## मानव अधिकार रक्षकहरूद्वारा २५ वर्षको उपलब्धिहरू

मानव अधिकार रक्षकहरूसम्बन्धी घोषणापत्र १९९८ मा जारी भयो, घोषणापत्र जारी भए पश्चित मानव अधिकार संरक्षण र प्रवर्द्धनका लागि मानव अधिकार रक्षकहरूले गरेको योगदानबाट भएका उपलव्धीहरूका कारण मानव अधिकार रक्षकहरूको भूमिका महत्त्वपूर्ण रहँदै आएको छ । मानव अधिकार रक्षकहरूले विभिन्न जोखिम, आघात तथा चुनौतीका बावजुद आफ्नो जिम्मेवारीलाई मानवतावादी दृष्टिकोणबाट अगाडि बढाउदै आएका छन् । मानव अधिकार रक्षकहरूको भूमिकाका विगत २५ वर्षमा प्राप्त उपलव्धीहरूलाई संयुक्त राष्ट्रसङ्घ मानव अधिकार रक्षकसम्बन्धी समाधिक्षक प्रतिवेदन सार्वजनिक गरेको छ ।

मानव अधिकार रक्षक विशेष समाधिक्षक मेरी ललर (Special Rapporteur on the situation of human rights defenders, Mary Lawlor) ले मानव अधिकार रक्षकसम्बन्धी घोषणापत्र १९९८ मा जारी भएपश्चात् २०२३ अर्थात २५ वर्ष सम्म मानव अधिकार संरक्षण र संवर्धनमा मानव अधिकार रक्षकहरूको भूमिका कस्तो रह्यो भन्ने सन्दर्भमा एक प्रतिवेदन मानव अधिकार परिषदको ५२ औं बैठक (२७ फ्रेबुवरीदेखि ३१ मार्च २०२३) मा छलफलका लागि प्रस्तुत भएको थियो । उक्त प्रतिवेदनमा, मानव अधिकार रक्षकहरूको अवस्थासम्बन्धी विशेष प्रतिवेदक, मेरी ललरले विश्वव्यापी मान्यता प्राप्त मानव अधिकार र मौलिक स्वतन्त्रताहरू (मानव अधिकार रक्षकहरूसम्बन्धी घोषणा) को प्रवर्द्धन र संरक्षण गर्न व्यक्ति, समूह र समाजका अङ्गहरूको अधिकार र उत्तरदायित्व सम्बन्धी घोषणापत्र अपनाएको २५ वर्ष बितिसकेको सन्दर्भमा मानव अधिकार रक्षकहरूले साझा गरेका उपलब्धिहरू र सफलताका कथाहरू प्रस्तुत गरिएको छ । प्रतिवेदनले न्यायमा पहुँच, कानुन परिवर्तन तथा सुधारका लागि मानव अधिकार रक्षकहरूको योगदान, कमजोरबर्गको सुरक्षा गर्ने र व्यवसायीहरूलाई जवाफदेही बनाएका सफल उदाहरणहरू समावेश गरेको छ ।

उक्त प्रतिवेदनले लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक मानव अधिकार रक्षकहरूले आफ्ना अधिकारका लागि गरेका प्रयास र सफलताहरू समावेश गरेको छ,किसानहरूको अधिकारका लागि भएका कानुनी उपचार, महिला अधिकारका लागि मुस्लिम राष्ट्रमा भएका उपलव्धीहरू, महिलाहरूको यौन तथा प्रजनन स्वास्थ्यलाई संरक्षण गरिएको, मानव अधिकार संरक्षणका लागि राज्यका निकायहरूलाई जिम्मेवार र जवाफेदही बनाउन भएका प्रयासहरू समेटिएका छन्। मङ्गोलियामा मानव अधिकार रक्षक, नागरिक समाज, संस्थाहरू, मङ्गोलियाको राष्ट्रिय मानव अधिकार आयोग र अन्तर्राष्ट्रिय समुदायद्वारा गरिएको वर्षौंको वकालत तथा प्रयासपश्चात मानव अधिकार रक्षकहरूको सुरक्षा र संरक्षणसम्बन्धी कानुन तर्जुमा गरी अप्रिल २०२१ देखि लागु गरिएको छ। यस बिचमा मानव अधिकार रक्षकको संरक्षण र सुरक्षासम्बन्धी कानून तर्जुमा गरी लागू गर्नेमा मंगोलिया एसियामै पहिलो राष्ट्र भएको छ (UN General Assembly, 2023)।

## विश्लेषण तथा निष्कर्ष

मानव अधिकार रक्षकहरूले मानव अधिकारहरूको संरक्षण तथा संवर्द्धनका लागि महत्त्वपूर्ण भूमिका खेल्दछन् । रक्षकहरूले नागरिक, राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरूसहित राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा मानव अधिकारहरूको संरक्षा र प्रवर्द्धन गर्ने कार्य गर्दछन्। मानव अधिकार रक्षकहरूले मानव अधिकारको विश्वव्यापकता र अपरिहार्यताको प्रवर्द्धन गर्दछन् । रक्षकहरूको भूमिकाले समाज सुधार तथा रुपान्तरणका साथै शान्ति र लोकतन्त्रमा योगदान पुऱ्याउँछ। मानव अधिकार रक्षकहरूले स्वतन्त्र, निश्पक्ष तथा प्रभावकारी रूपमा आफ्नो अधिकार प्रयोग गर्न सकेको खण्डमा द्वन्द्व, हिंसामा परिणत हुने जोखिमलाई कम गर्न मद्दत पुग्दछ । यसको साथै मानव अधिकार रक्षकहरूले स्वतन्त्र रूपमा आफ्नो अधिकार प्रयोग गर्न सकेमा, यसले संवाद र साझेदारीका लागि अवसरहरू पनि सिर्जना गर्न सक्दछ।

मानव अधिकार रक्षकहरूले शान्तिपूर्ण माध्यमबाट मानव अधिकारको संरक्षण र संवर्धनका लागि अभियान सञ्चालन गर्ने गरेको भए पनि यस क्रममा विभिन्न जोखिम, आघात तथा अवरोधहरूको समाना गरिरहनुपरेको छ । त्यस्ता जोखिम, आघात तथा अवरोधहरूमध्ये मुख्य गरी मानव अधिकार रक्षक स्वयंले जातीय विभेद, लैङ्गिक विभेद, मानव अधिकार रक्षकको रूपमा स्वीकार नै नगर्ने मानव अधिकार रक्षकको पहिचान नै नस्विकार्ने अवस्थाको सामना गरिरहेका छन् ।

मानव अधिकार रक्षकहरूका अधिकारहरूको उपभोग गर्ने वातावरणको सिर्जना गर्ने कार्य राज्यका निकायहरूको हो । मानव अधिकार रक्षक तथा नागरिक समाजको भूमिकालाई अझै प्रभावकारी बनाउनका लागि मानव अधिकार तथा सार्वजनिक सरोकारका सवालहरूमा उनीहरूको अर्थपूर्ण संलग्नतालाई महत्त्वपूर्ण रूपमा हेरिनु पर्दछ। नेपालमा मानव अधिकारको संरक्षण, संवर्धन, विकास तथा लोकतान्त्रिक पद्धतिको स्थापनाका लागि मानव अधिकार रक्षक तथा नागरिक समाज संस्थाहरूको भूमिकाको सह्राना गर्नुपर्दछ ।

मानव अधिकार रक्षकहरूको संरक्षण, सुरक्षा, पहिचान र उनीहरूको भूमिकालाई स्वीकार्य बनाउनका लागि नेपालको संविधानमा व्यवस्था गरिएका मौलिकहरूको प्रभावकारी कार्यान्वयन गरिनुपर्दछ । साथै मानव अधिकारको विश्ववयापी घोषणापत्र, १९४८ प्रतिको नेपालको प्रतिबद्धता र सो घोषणालाई बाध्यकारी बनाउने नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अभिसन्धि १९६६ को अनुमोदन नै नेपालका लागि यसको कार्यान्वयनको बाध्यात्मक जिम्मेवारी हो ।

तसर्थ, मानव अधिकार रक्षकहरूका अधिकारहरूको संरक्षण, ती अधिकारहरूको उपभोग गर्ने क्रममा आउन सक्ने जोखिमहरूबाट सुरक्षा, मानव अधिकार रक्षकहरूले मानव अधिकार संरक्षण र संवर्धनका लागि खेल्दै आएको भूमिकाको पहिचान, स्वीकार्यता र मान्यताका लागि राष्ट्रिय कानुनको अपरिहार्यता खडकिएको छ। अतः मानव अधिकार रक्षकहरूको संरक्षण र संवर्धनका लागि मानव अधिकार रक्षकका अधिकारसम्बन्धी संयुक्त राष्ट्रसङ्घ घोषणापत्र १९९८ को घरेलुकरण गरी नीतिगतरूपमा नै संबोधन गर्नुपर्ने देखिन्छ ।

## सन्दर्भ सामग्रीहरू

नयाँ पत्रिका,. (२०७७). *महिला अधिकारकर्मी भन्छन्— मुद्दामा सहयोग नगर्न धम्की आउँछ.* महिला अधिकारकर्मी भन्छन् - मुद्दामा सहयोग नगर्न धम्की आउँछ

नेपाल पत्रकार महासङ्घ. (२०८१). *प्रेस स्वतन्त्रता र पत्रकार सुरक्षा, वार्षिक प्रतिवेदन २०८१.* freedom_1714694732.pdf

पौडेल, म. (२०२३). https://inseconline.org/np/forum/

रा.मा.अ.आ..(२०६९). *मानव अधिकार रक्षकको मार्गनिर्देशिका,* nhrcnepal.org/uploads/law/HRDefendor_and_Sahakarya_Guideline-Nep2069.pdf

रा.मा.अ.आ.(२०७९). *मानव अधिकार रक्षकहरूको अवस्था अध्ययन प्रतिवेदन, २०७९.* Study_Report_on_Situation_of_Human_Rights_Defenders_compressed.pdf

APF,. (2021). *Regional Action Plan on Human Rights Defenders*. Regional Action Plan on Human Rights Defenders - Asia Pacific Forum

Forum Asia, (2019). *Women Human Rights Defenders.7.* 912616085wp_whrd_Chapter-on-Nepal.pdf

Frost,,M.(2017).*Special Rapporteur on the situation of Human Rights Defenders.* Special Rapporteur on human rights defenders | OHCHR

GANHRI, (2018). *The Marrakech Declaration "Expanding the civic space and promoting and protecting human rights defenders, with a specific focus on women: The role of national human rights institutions".* Microsoft Word - Marrakech Declaration_EN_ 12102018 - FINAL KR[1].docx

HRDWS, (2018). *The Human Rights Defenders World Summit, 2018.* HUMAN RIGHTS DEFENDERS WORLD SUMMIT 2018 – We celebrate the achievements of the last 20 years and look forward to the next two decades.

ICC, (2015). *The Mérida Declaration The Role of National Human Rights Institutions in implementing the 2030 Agenda for Sustainable Development.* Microsoft Word - Merida Declaration FINAL .doc

OHCHR. (2020). *Information Series On Sexual And Reproductive Health And Rights Updated 2020 Women Human Rights Defenders.* Info_whrd_web.pdf

Right Docs,. (2019). *Recognizing the contribution of environmental human*

*rights defenders to the enjoyment of human rights, environmental protection and sustainable development.* RES/40/11 Recognizing the contribution of environmental human rights defenders to the enjoyment of human rights, environmental protection and sustainable development / RightDocs - Where human rights resolutions count

United Nations. (1998). *Declaration on the Right and Responsibility of Individuals, Groups and Organs of Society to Promote and Protect Universally Recognized Human Rights and Fundamental Freedoms.* E:\English\Pdf\Tmp\N9977089.Wpf

United Nations. (2011). *Report of the Special Rapporteur on the situation of human rights defenders. UNHCR, 2011*. Report of the Special Rapporteur on the situation of human rights defenders | Refworld

United Nations,. (2013). *Resolution adopted by the General Assembly on 18 December 2013.* Promotion of the Declaration on the Right and Responsibility of Individuals, Groups and Organs of Society to Promote and Protect Universally Recognized Human Rights and Fundamental Freedoms: protecting women human rights defenders/United Nations.

United Nations. (2020). *Mandate Special Rapporteur On Human Rights Defenders*. Mandate | OHCHR

United Nations. (2020). *Resolution adopted by the Human Rights Council on 22 June 2020.* A/HRC/RES/43/16

United Nations. (2022). *Report of the Special Rapporteur on the situation of human rights defenders.* g2261060.pdf

United Nations,. (2011). *Guiding Principles on Business and Human Rights: Implementing the United Nations "Protect, Respect and Remedy" Framework.* Guiding Principles on Business and Human Rights: Implementing the United Nations "Protect, Respect and Remedy" Framework | OHCHR

UN General Assembly,. (2023). *Success through perseverance and solidarity: 25 years of achievements by human rights defenders Report of the Special Rapporteur on the situation of human rights defenders.* g2261060.pdf